# भाग २

श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०४८ सालको ऐन नं. ३८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्यं परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## स्थानीय निकायको निर्वाचनको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावना : गाउँ, नगर र जिल्लाका स्थानीय निकायहरूका सदस्यहरूको निर्वाचनको सम्बन्धमा व्यवस्था गर्न वाञ्छनीय भएकोले,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



9885

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद-१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "स्थानीय निकाय (निर्वाचन कार्यविधि) ऐन, २०४८" रहेको छ ।

(२)यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोग" भन्नाले नेपाल अधिराज्यको संविधान, २०४७ बमोजिम गठन भएको निर्वाचन आयोग सम्झनु पर्छ।

(ख) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति, नगरपालिका वा जिल्ला विकास समिति सम्झनु पर्छ।

(ग) "निर्वाचन" भन्नाले स्थानीय निकायको निर्वाचन सम्झनु पर्छ र सो शब्दले उपनिर्वाचनलाई समेत जनाउनेछ।

(घ) "सदस्य" भन्नाले गाउँ विकास समितिको अध्यक्ष, उपाध्यक्ष र सदस्य, नगरपालिकाको प्रमुख, उपप्रमुख र सदस्य तथा जिल्ला विकास समितिको सभापति, उपसभापति र सदस्य सम्झनु पर्छ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) "निर्वाचन अधिकृत" भन्नाले दफा ४ बमोजिमको निर्वाचन अधिकृत सम्झनु पर्छ।

(च) "मतदान अधिकृत" भन्नाले दफा ७ बमोजिमको मतदान अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक मतदान अधिकृतलाई समेत जनाउनेछ।

(छ) "मतदाता" भन्नाले दफा ९ बमोजिमको मतदाता सम्झनु पर्छ।

(ज) "उम्मेदवार" भन्नाले दफा १८ बमोजिमको उम्मेदवार सम्झनु पर्छ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम वा आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी जारी गरेको आदेशमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद-२
## नाम दर्ता अधिकारी, निर्वाचन अधिकृत र मतदान अधिकृत

३. नाम दर्ता अधिकारी : (१) प्रत्येक स्थानीय निकायको निर्वाचनको निमित्त मतदाता नामावली तयार गर्न आयोगले मतदाता नाम दर्ता अधिकारी नियुक्त गर्न वा तोक्न सक्नेछ।

(२) यस ऐन अन्तर्गत बनेको नियम तथा आयोगको निर्देशनको अधीनमा रही मतदाता नाम दर्ता अधिकारीले मतदाताको नाम संकलन गर्न आवश्यक संख्यामा कर्मचारीहरू वा योग्य व्यक्तिहरूलाई खटाउन सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9829

४. निर्वाचन अधिकृतको नियुक्ति : (१) आयोगले निर्वाचनको लागि प्रत्येक जिल्लामा निर्वाचन अधिकृत नियुक्त गर्नेछ।

(२) निर्वाचन अधिकृतले श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्वमा रहेको स्वशासित संस्थाका कर्मचारीहरूलाई निर्वाचनको काममा लगाउन वा खटाउन सक्नेछ।

(३) निर्वाचन अधिकृतले निर्वाचनको प्रयोजनको लागि आफूलाई प्राप्त भएको सबै वा केही अधिकार निर्वाचनको काममा लगाएको वा खटाएको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ।

५. सहायक निर्वाचन अधिकृतको नियुक्ति : निर्वाचन अधिकृतले निर्वाचनको कामको प्रयोजनको लागि आवश्यकता अनुसार सहायक निर्वाचन अधिकृत नियुक्त गर्न सक्नेछ।

६. निर्वाचन अधिकृतको काम, कर्तव्य : (१) निर्वाचन अधिकृतले आयोगको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्ला भित्रका स्थानीय निकायहरूको निर्वाचन सम्बन्धी सम्पूर्ण काम स्वतन्त्र र निष्पक्ष भई गर्नु गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको कार्य सम्पादन गर्दा निर्वाचन अधिकृतले आयोगले दिएको निर्देशनको अधीनमा रही आफूलाई तोकिएको जिल्ला भित्रका स्थानीय निकायहरूको निर्वाचन सम्बन्धी सम्पूर्ण कामको सुपरिवेक्षण, नियन्त्रण, निर्देशन र समन्वय गर्नु पर्नेछ।

७. मतदान अधिकृत र सहायक मतदान अधिकृतको नियुक्ति : निर्वाचन अधिकृतले आफूलाई तोकिएको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
9822

जिल्ला भित्रका स्थानीय निकायहरुको निर्वाचनको लागि श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्वमा रहेको स्वसाशित संस्थाका कर्मचारीहरुलाई मतदान अधिकृत र सहायक मतदान अधिकृत नियुक्त गर्न सक्नेछ।

८ मतदान अधिकृत र सहायक मतदान अधिकृतको काम, कर्तव्य : (१) मतदान अधिकृतले आफु खटिएको मतदान केन्द्रमा यो ऐन र यस ऐन अन्तर्गतको नियम वा आदेश बमोजिमको मतदान गराउने सम्बन्धी कार्य स्वतन्त्र र निष्पक्ष भई सम्पन्न गर्नु गराउनु पर्नेछ।

(२) सहायक मतदान अधिकृतले मतदान अधिकृतको प्रत्यक्ष नियन्त्रण र निर्देशनमा रही मतदान सम्बन्धी सम्पूर्ण कार्य स्वतन्त्र र निष्पक्ष भई सम्पन्न गराउनु पर्नेछ।

## परिच्छेद - ३
## मतदाता नामावली

९ मतदाता : (१) प्रत्येक गाउँ विकास समिति वा नगरपालिकाको कुनै वडाको सदस्यको निर्वाचनको लागि सम्बन्धित गाउँ विकास वा नगरपालिका क्षेत्रका सम्बन्धित वडामा आफ्नो स्थायी बसोबास भएको वा आयोगले तोकेको मिति सम्ममा कम्तिमा एक वर्ष बसोबास गरेको र दफा १० बमोजिम मतदान गर्न उमेर पुग्ने मिति सम्ममा अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक मतदाता हुनेछ।

(२) प्रत्येक गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाको प्रमुख वा उपप्रमुख पदको निर्वाचनको लागि सम्बन्धित गाउँ विकास वा नगरपालिका क्षेत्रमा आफ्नो स्थायी बसोबास भएको वा आयोगले तोकेको मिति सम्ममा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कम्तिमा एक वर्ष बसोबास गरेको र दफा १० बमोजिम मतदान गर्ने उमेर पुग्ने मिति सम्ममा अठार वर्ष उमेर पूरा भएको नेपाली नागरिक मतदाता हुनेछ।

(३) प्रत्येक जिल्ला समितिको कुनै इलाकाको सदस्य पदको निर्वाचनको लागि सो इलाका भित्रका गाउँ विकास समिति र नगरपालिकाका सदस्यहरू मतदाता हुनेछन्।

(४) प्रत्येक जिल्ला विकास समितिको सभापति र उपसभापतिको निर्वाचनको लागि सम्बन्धित जिल्ला भित्रका सम्पूर्ण गाउँ विकास समिति र नगरपालिकाका सदस्यहरू मतदाता हुनेछन्।

१०. <u>मतदान गर्ने उमेर पुग्ने मिति</u> : यस ऐन बमोजिम हुने गाउँ विकास समिति र नगरपालिकाका सदस्यहरूको निर्वाचनमा मतदान गर्ने उमेर पुग्ने मिति आयोगले तोके बमोजिम हुनेछ।

११. <u>मतदाता नामावली</u> : (१) आयोगले आफ्नो रेखदेख, नियन्त्रण र निर्देशनमा स्थानीय निकायको सदस्यहरूको निर्वाचनको लागि मतदाता नामावली तयार गराउँनेछ।

(२) प्रतिनिधिसभा सदस्य निर्वाचन ऐन, २०४७ बमोजिम तयार भएको मतदाता नामावली यसै ऐन बमोजिम तयार गरिएको मानिनेछ।

(३) मतदान गर्ने योग्यता पुगेको प्रत्येक नेपाली नागरिकले मतदाता नामावलीमा आफ्नो नाम समावेश गराउनु निजको कर्तव्य हुनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) निर्वाचन अधिकृतले आयोगले दिएको कार्यक्रम अनुसार मतदाता नामावली प्रकाशित गर्नु पर्नेछ।

(५) उपदफा (४) बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै व्यक्तिको नाम दर्ता हुन छुट भएकोमा दावी गरी दर्ता गराउन वा दर्ता भएको कुनै मतदाताको नाम, उमेर, बसोबास वा अन्य कुनै व्यहोरा सच्याउन वा दर्ता हुनु नपर्ने कुनै व्यक्तिको नाम हटाउन उजूर गर्न निर्वाचन अधिकृतले आयोगको निर्देशन बमोजिम कम्तिमा पाँच दिनको म्याद दिनेछ।

(६) उपदफा (५) बमोजिम मतदाता नामावलीमा दाबी गरी नाम दर्ता गराउन वा दर्ता भएको कुनै मतदाताको नाम, उमेर, बसोबास वा अन्य कुनै व्यहोरा सच्याउन् वा दर्ता हुन नपर्ने कुनै मतदाताको नाम हटाउन उजूर गर्ने कार्यविधि आयोगले तोकिदिए बमोजिम हुनेछ।

(७) उपदफा (६) बमोजिम दावी विरोधको उजूरी पर्न आएमा निर्वाचन अधिकृतले जाँचबूझ गरी मतदाता नामावलीमा थपघट गर्नु पर्नेमा आवश्यक थपघट गर्नु पर्नेछ। यसरी थपघट गरिएको मतदाता नामावली अन्तिम हुनेछ।

(८) उपदफा (७) बमोजिमको अन्तिम मतदाता नामावली आयोगको निर्देशन बमोजिम निर्वाचन अधिकृतले प्रकाशित गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४२२

## परिच्छेद - ४
## निर्वाचन कार्यक्रम

१२. निर्वाचन : (१) स्थानीय निकायका सदस्यहरूको निर्वाचन प्रचलित कानूनमा तोकिएको पदावधि समाप्त हुने वर्षमा हुनेछ।

(२) आयोगले भौगोलिक अवस्था, मौसम तथा अन्य परिस्थिति समेत विचार गरी एक वा एकभन्दा बढी स्थानीय निकायको वा कुनै स्थानीय निकायको कुनै पदको निर्वाचनको लागि एउटै वा अलग अलग मितिमा व्यवस्था गर्न सक्नेछ र यसरी आयोगले व्यवस्था गरे बमोजिम एउटै वा अलग अलग मितिमा निर्वाचन कार्यक्रम अनुसार भएको निर्वाचन एकै पटक भएको मानिनेछ।

(३) स्थानीय निकायको कुनै निर्वाचित सदस्यको पदावधि समाप्त नहुँदै निजको पद रिक्त भएमा बाँकी पदावधिको लागि आयोगले उप-निर्वाचन गर्नेछ।

तर छ महिनाभन्दा कम पदावधि बाँकी रहने अवस्थामा उपनिर्वाचन गरिने छैन।

१३. निर्वाचन कार्य : (१) कुनै जिल्लाको सबै स्थानीय निकायहरूको निर्वाचन हुनेमा सो जिल्लाको नाम वा कुनै जिल्लाको स्थानीय निकायको कुनै पदको निर्वाचन हुनेमा त्यस्तो जिल्ला र निकायको नाम र पद समेत उल्लेख गरी श्री ५ को सरकारले सूचना प्रकाशित गर्नेछ र सो को जानकारी आयोगलाई दिनेछ।

आधिकारिक स्रोत (कानून किताब व्यवस्था समिति) बाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिमको जानकारी प्राप्त भए पछि आयोगले निर्वाचनको कार्य यथाशीघ्र सम्पन्न गर्नेछ।

१४. निर्वाचन कार्यक्रमको सूचना : (१) निर्वाचन अधिकृतले आयोगको निर्देशन बमोजिम स्थानीय निकायको निर्वाचनको लागि उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने, मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशित गर्ने, उम्मेदवारको विरोधमा उजूरी दिने, मनोनयनपत्रको जांच गर्ने, उम्मेदवारको नामावली प्रकाशित गर्ने, उम्मेदवारको नाम फिर्ता लिने, उम्मेदवारको अन्तिम नामावली प्रकाशित गर्ने, उम्मेदवारलाई निर्वाचन चिन्ह प्रदान गर्ने र मतदान हुने मिति, समय र स्थान समेत तोकी निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निर्वाचन कार्यक्रमको लागि आयोगले तोकिदिए बमोजिमको अवधि दिनु पर्नेछ।

(३) उम्मेदवारको अन्तिम नामावली प्रकाशित गरेको दिन देखि मतदान हुने दिनको बीचको अवधि आयोगले तोकिदिए बमोजिम हुनेछ।

(४) स्थानीय निकायको निर्वाचनको लागि सात दिनमा नघटाई चुनाउ प्रचार गर्न समय दिइनेछ।

## परिच्छेद - ५
## उम्मेदवार तथा मनोनयन

१५. उम्मेदवार : स्थानीय निकायको निर्वाचनको लागि मतदाता नामावलीमा नाम दर्ता भई मतदान गर्न


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ। 98220

योग्यता पुगेको देहायको व्यक्ति देहायको स्थानीय निकायको निर्वाचनमा उम्मेदवार हुन सक्नेछ :-

(क) गाउँ विकास समिति वा नगरपालिकाको वडाको सदस्यको निर्वाचनको लागि २५ वर्ष उमेर पूरा भएको र सो वडाको मतदाता नामावलीमा नाम दर्ता भएको,

(ख) गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष र नगरपालिकाको प्रमुख वा उप-प्रमुखको निर्वाचनको लागि २५ वर्ष उमेर पूरा भएको र सो गाउँ विकास वा नगरपालिका क्षेत्रको मतदाता नामावलीमा नाम दर्ता भएको,

(ग) जिल्ला विकास समितिको इलाकाको सदस्यको निर्वाचनको लागि २५ वर्ष उमेर पूरा भएको र सो इलाका भित्रका गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भएको, र

(घ) जिल्ला विकास समितिको सभापति वा उपसभापतिको निर्वाचनको लागि २५ वर्ष उमेर पूरा भएको र सो जिल्ला भित्रका गाउँ विकास समिति वा नगरपालिकाको सदस्य भएको।

१६. <u>उम्मेदवारको अयोग्यता</u> : (१) देहायको व्यक्ति निर्वाचनमा उम्मेदवार हुन योग्य हुने छैन :-

(क) दफा १५ बमोजिम योग्य नभएको,

(ख) गैर नेपाली नागरिक,

(ग) मगज बिग्रेको वा बहुलाएको,

(घ) साहुको दामासाहीमा परेको वा टाट उल्टेको,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) श्री ५ को सरकारको वा श्री ५ को सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको स्वशासित संस्थाको वा श्री ५ को सरकारबाट अनुदान पाएको संस्थाको बहालवाला कर्मचारी,

(च) कुनै स्थानीय निकायको बहालवाला कर्मचारी,

(छ) निर्वाचन सम्बन्धी अपराधमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतबाट कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको,

(ज) नैतिक पतन देखिने फौजदारी मुद्दामा दोषी ठहरिई दुई वर्ष वा सो भन्दा बढी कैदको सजाय पाई सो सजाय भोगिसकेको मितिले ६ वर्ष भुक्तान नभएको,

तर यो ऐन प्रारम्भ भएपछि हुने पहिलो पटकको निर्वाचनको निमित्त यो खण्ड लागू हुने छैन।

(झ) प्रचलित कानूनले अयोग्य भएको।

(२) उपदफा (१) को खण्ड (ज) को प्रयोजनको लागि राजकाज सम्बन्धी मुद्दामा सजाय पाएको व्यक्ति वा राजनैतिक आधारमा सजाय माफी पाई नेपाल राजपत्रमा प्रकाशित सूचनामा उल्लेख गरिएको व्यक्तिको हकमा निज सो खण्ड बमोजिम अयोग्य भएको मानिने छैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१७. <u>उम्मेदवारको उमेरको गणना</u> : निर्वाचनमा उम्मेदवार हुनको लागि उम्मेदवार हुने व्यक्तिको उमेरको गणना गर्दा दफा १० बमोजिम मतदान गर्ने उमेर पुग्ने मिति सम्ममा २५ वर्ष उमेर पूरा भएको हुनु पर्नेछ।

१८. <u>उम्मेदवारको मनोनयन</u> : (१) यस ऐन बमोजिम स्थानीय निकायको निर्वाचनको लागि उम्मेदवार हुन योग्यता पुगेको व्यक्तिलाई आयोगले तोकिए बमोजिम एक जना मतदाताले प्रस्ताव गरी उम्मेदवार मनोनयन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मनोनयन गरिएको व्यक्तिलाई आयोगले तोकिए बमोजिम अर्को एकजना मतदाताले समर्थन गरेको हुनु पर्नेछ।

(३) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिम तीन प्रतिशत मत प्राप्त गरेको राजनैतिक संगठन वा दलको उम्मेदवारको सम्बन्धमा सो संगठन वा दलले निज उम्मेदवारलाई दिएको औपचारिक पत्र मनोनयनपत्र साथ संलग्न हुनु पर्नेछ । त्यस्तो औपचारिक पत्रको ढाँचा र कार्यविधि आयोगले तोके बमोजिम हुनेछ।

(४) उम्मेदवारको मनोनयनपत्रमा निज उम्मेदवार हुने व्यक्तिले आफ्नो मन्जूरी जनाई सहिछाप गर्नु पर्नेछ र निजको प्रस्तावक र समर्थकले समेत सो मनोनयनपत्रमा आफ्नो सहिछाप गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) कुनै व्यक्तिलाई कुनै एक पदको निर्वाचनको लागि बढीमा दुई मनोनयनपत्रद्वारा मनोनयन गर्न सकिनेछ।

(६) उम्मेदवारको मनोनयनपत्र स्वयं उम्मेदवार हुने व्यक्ति वा निजको वारिस वा उम्मेदवारको प्रस्तावकले निर्वाचन अधिकृत समक्ष दिनु पर्नेछ।

(७) उपदफा (६) बमोजिमको मनोनयनपत्र निर्वाचन अधिकृतले रीतपूर्वकको छ छैन हेरी रीतपूर्वकको भए दर्ता गरी दर्ता भएको निस्सा उम्मेदवार वा निजको वारिस वा उम्मेदवारको प्रस्तावकलाई दिनु पर्नेछ। सो निस्सामा मनोनयन पत्र जाँच गर्ने समय उल्लेख गरी सो समयमा उपस्थित हुन समेत सूचना दिनु पर्नेछ।

(८) निर्वाचन अधिकृतले रीत नपुगेको मनोनयनपत्र कसैले दर्ता गराउन ल्याएमा रीत नपुगेको जति सच्याउन लगाई सो मनोनयनपत्र दर्ता गर्नु पर्नेछ।

तर रीत नपुगेको कुरा नसच्याई मनोनयपत्र दर्ता गराउन चाहेमा रीत नपुगेको व्यहोरा मनोनयनपत्रमा जनाई त्यसको सूचना मनोनयनपत्र दर्ता गराउने व्यक्तिलाई दिनु पर्नेछ।

१९. <u>मनोनयनपत्र दर्ता भएका उम्मेदवारको सूची प्रकाशित गर्ने</u> : मनोनयनपत्र दर्ता गर्ने समय समाप्त भएपछि निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा मनोनयनपत्र दर्ता भएका उम्मेदवारहरूको सूची प्रकाशित गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२०. उजूर गर्न सकिने : दफा १९ बमोजिमको सूचीमा उल्लेख भएको कुनै उम्मेदवारको विरोधमा अर्को कुनै उम्मेदवार वा निजको वारिसले उजूर गर्न चाहेमा निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा निर्वाचन अधिकृत समक्ष उजूरी दिन सक्नेछ।

२१. मनोनयनपत्रको जाँच : (१) निर्वाचन अधिकृतले प्रस्तावक वा उम्मेदवार वा निजको वारिसको रोहवरमा निर्वाचन कार्यक्रमको सूचनामा उल्लिखित मिति, समय र स्थानमा मनोनयनपत्रको जाँच गर्नु पर्नेछ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) मा उल्लेख गरिएका व्यक्तिहरू समक्ष सम्पूर्ण उम्मेदवारहरूको मनोनयनपत्रको जाँच गर्नु पर्नेछ।

तर निर्वाचन कार्यक्रममा उल्लिखित मिति, समय र स्थानमा कुनै मनोनीत उम्मेदवार वा निजको प्रस्तावक वा वारिस उपस्थित नभएमा पनि पूर्व निर्धारित समयमा मनोनयनपत्रहरूको कानून बमोजिम जाँच गर्न र निर्णय गर्न यस उपदफाले बाधा पु-याएको मानिने छैन।

(३) निर्वाचन अधिकृतले उम्मेदवारहरूको मनोनयनपत्र जाँच गर्दा दफा २० बमोजिम कुनै उम्मेदवारको विरोधमा उजूरी परेको रहेछ भने सो सम्बन्धमा समेत आवश्यक जाँचबुझ गरी निर्णय गर्नु पर्नेछ।

तर मनोनयनपत्रमा रहेको सानो तिनो भूलचूकको कारणले मात्र सो मनोनयनपत्र बदर गरिने छैन।


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

स्पष्टिकरण : यस उपदफाको प्रयोजनको लागि "सानो तिनो भूलचूक" भन्नाले मतदाता नामावलीमा वा मनोनयनपत्रमा उम्मेदवार, प्रस्तावक वा निजहरूसंग सम्बन्धित व्यक्तिको नाम, थर, उमेर, वतन वा क्रम संख्याको लेखाई वा छपाई सम्बन्धी प्राविधिक वा अक्षर, मात्रा वा अंकको त्रुटी भएमा र सो त्रुटीले कुनै तात्विक फरक नपर्ने भएमा त्यस्तो त्रुटीलाई सानो तिनो भूलचूक सम्झनु पर्छ।

(४) देहायको अवस्थामा बाहेक निर्वाचन अधिकृतले मनोनयनपत्रको जाँच सम्बन्धी कारवाई स्थगित गर्न सक्ने छैन :-

(क) मनोनयनपत्र जाँच गर्ने स्थानमा सो जाँच गर्ने समयमा हुलदंगा वा हिंसा भएमा।

(ख) प्राकृतिक विपत्तिको कारणले काबू बाहिरको परिस्थिति उत्पन्न भएमा।

(५) उपदफा (४) बमोजिम मनोनयनपत्रको जाँच सम्बन्धी कारवाई स्थगित भएमा निर्वाचन अधिकृतले समय र स्थान तोकी भोलिपल्ट मनोनयनपत्रको जाँच गर्नु पर्नेछ।

२२. मनोनयनपत्र बदर हुने अवस्था : देहायको अवस्थामा मनोनयनपत्र बदर हुनेछ :-

(क) यो ऐन र प्रचलित कानून बमोजिम उम्मेदवारको योग्यता नभएमा,

आधिकारिकता मुद्रण विभाग(१५)प्रमाणित प्रतिबाट मात्र लागु हुनेछ। १४६०२

(ख) उम्मेदवार हुने व्यक्तिको मंजूरी र सहिछाप नभएमा,

(ग) प्रस्तावक र समर्थकको सहिछाप नभएमा, र

(घ) धरौटी नराखेमा।

२३. उम्मेदवारको नामावली : (१) निर्वाचन अधिकृतले मनोनयनपत्रहरूको जाँच गरिसकेपछि कानून बमोजिम रीत पुगेका मनोनयनपत्र बमोजिमका उम्मेदवारहरूको नामावली तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको उम्मेदवारको नामावलीको एक प्रति निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नु पर्नेछ।

२४. नाम फिर्ता लिने : (१) दफा २३ बमोजिम उम्मेदवारको नामावली प्रकाशित भएपछि कुनै उम्मेदवारले आफ्नो नाम उम्मेदवारको नामावलीबाट हटाउनको लागि नाम फिर्ता लिने इच्छा गरेमा निजले निर्वाचन कार्यक्रममा निर्धारित समयभित्र निर्वाचन अधिकृतलाई लिखित सूचना दिई आफ्नो नाम फिर्ता लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना उम्मेदवार आफैले वा निजको वारिसले निर्वाचन अधिकृत समक्ष दाखिल गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नाम फिर्ता लिएको सूचना निर्वाचन अधिकृत समक्ष दाखिल भई सकेपछि सो सूचना बदर गर्न वा फिर्ता लिन स्वीकृति पाउने छैन।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) बमोजिम दाखिल भएको सूचनाको सत्यतामा निर्वाचन अधिकृत सन्तुष्ट भएमा निजले नाम फिर्ता लिने उम्मेदवारको नाम उम्मेदवारको नामावलीबाट हटाउनेछ र त्यसरी नाम हटाइएको सूचना निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नेछ।

२५. <u>उम्मेदवारको अन्तिम नामावली</u> : (१) दफा २४ बमोजिम उम्मेदवारले नाम फिर्ता लिने समय समाप्त भएपछि निर्वाचन अधिकृतले कायम रहेका उम्मेदवारहरूको अन्तिम नामावली तयार गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको उम्मेदवारको अन्तिम नामावलीको एक प्रति निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नु पर्नेछ।

२६. <u>निर्विरोध निर्वाचन</u> : (१) स्थानीय निकायको कुनै सदस्यको निर्वाचनमा एकजनाको मात्र मनोनयनपत्र दाखिल हुन आई सो मनोनयनपत्र रीतपूर्वकको भएमा वा एक भन्दा बढी मनोनयनपत्र दाखिल भएकोमा अरू उम्मेदवारले नाम फिर्ता लिई वा अरू मनोनयनपत्र बदर भई एकजना मात्र उम्मेदवार बाँकी हुन आएमा निर्वाचन अधिकृतले सो उम्मेदवार निर्विरोध निर्वाचित भएको घोषणा गर्नेछ।

(२) स्थानीय निकायको कुनै सदस्यको निर्वाचनको लागि एक भन्दा बढी उम्मेदवार कायम भएमा मतदान हुनेछ।

२७. <u>निर्वाचन चिन्ह प्रदान गर्ने</u> : (१) दफा २६ को उपदफा (२) बमोजिम मतदान हुने भएमा निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारलाई निजको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४८६२

प्रतीकात्मक चिन्हको रूपमा एउटा निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।

(२) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ११३ को उपधारा (२) को खण्ड (घ) बमोजिम तीन प्रतिशत मत प्राप्त गरेको राजनैतिक संगठन वा दलको उम्मेदवारलाई आयोगले सो राजनैतिक संगठन वा दललाई प्रदान गरेको निर्वाचन चिन्ह निर्वाचन अधिकृतले प्रदान गर्नु पर्नेछ।

(३) उपदफा (२) मा लेखिएदेखि बाहेक अन्य उम्मेदवारहरूलाई आयोगले स्वतन्त्र उम्मेदवारहरूको लागि निर्धारण गरेको निर्वाचन चिन्हहरुको समूहबाट निर्वाचन अधिकृतले आयोगले तोकिदिए बमोजिम निर्वाचन चिन्ह प्रदान गर्नु पर्नेछ।

२८. उम्मेदवारको मृत्यु भएमा : (१) दफा २३ बमोजिम उम्मेदवारको नामावली वा दफा २५ बमोजिम उम्मेदवारको अन्तिम नामावली प्रकाशित भइसकेपछि सो नामावलीमा नाम भएको कुनै उम्मेदवारको मृत्यु भएको लिखित सूचना सो मृतक उम्मेदवारको निर्वाचन प्रतिनिधि वा अन्य कुनै व्यक्तिबाट निर्वाचन अधिकृतले प्राप्त गरेमा र सो कुरामा निर्वाचन अधिकृत विश्वस्त भएमा निज मृतक उम्मेदवार भएको स्थानीय निकायको सदस्यको निर्वाचनको लागि हुने मतदान निर्वाचन अधिकृतले तुरुन्त स्थगित गर्नु पर्नेछ र सो को जानकारी यथाशीघ्र आयोगलाई दिनु पर्नेछ। त्यसरी मतदान स्थगित भएको सूचना उम्मेदवारहरु समेतको जानकारीको लागि निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा टाँस्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएको निर्वाचनको लागि निर्वाचन अधिकृतले दफा १४ बमोजिमको निर्वाचन कार्यक्रम पुनः प्रकाशित गर्नु पर्नेछ।

(३) दफा २३ वा २५ बमोजिमको उम्मेदवारको नामावलीमा नाम समावेश भएको उम्मेदवारले पुनः मनोनयन पत्र दाखिल गर्नु पर्ने छैन।

तर नाम फिर्ता लिएको व्यक्तिले उम्मेदवार हुनको लागि पुनः मनोनयनपत्र दाखिल गर्न सक्नेछ।

२९. मतदान स्थगित नहुने : दफा २८ मा जुनसुकै कुरा लेखिएको भए तापनि स्वतन्त्र रूपमा उम्मेदवार भएको व्यक्तिको मृत्यु भएको अवस्थामा निज उम्मेदवार भएको निर्वाचनको लागि हुने मतदान स्थगित हुने छैन।

३०. उम्मेदवारको परिचयपत्र : दफा २५ बमोजिम उम्मेदवारको अन्तिम नामावलीमा कायम रहेका उम्मेदवारहरूलाई निर्वाचन अधिकृतले आयोगले तोकिदिए बमोजिमको परिचयपत्र दिनु पर्नेछ।

## परिच्छेद - ६
## मतदान केन्द्र, मतपत्र र मतपेटिका

३१. मतदान केन्द्र : (१) निर्वाचन अधिकृतले आयोगको निर्देशन अनुसार स्थानीय निकायको निर्वाचनको लागि मतदान केन्द्र र उपकेन्द्र तोक्दा मतदातालाई हिँडेर जाँदा सकभर पाइक पर्ने गरी तोक्नु पर्नेछ र त्यसको सूची आयोगले तोकिदिए बमोजिम प्रकाशित गर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४६६

(२) मतदान केन्द्र वा उपकेन्द्रमा भीड नहुने गरी मतदान अधिकृतले मतदान केन्द्र वा उपकेन्द्रको हाता तोक्नेछ। त्यस्तो तोकिएको हाताभित्र कानूनन इजाजत प्राप्त व्यक्ति बाहेक अरूको प्रवेश निषेध गरिनेछ।

(३) मतदान केन्द्र वा उपकेन्द्रको वरिपरि व्यावहारिकतालाई ध्यानमा राखी मादक पदार्थ सेवन, बिक्री वितरण गर्न गराउन आवश्यक अवधिको लागि मतदान अधिकृतले निषेध गर्नु पर्नेछ।

३२. <u>मतपत्र</u> : (१) स्थानीय निकायको निर्वाचनको लागि आयोगले तोके बमोजिमको मतपत्र हुनेछ।

(२) आयोगले तोके बमोजिमका निर्वाचन चिन्हहरू भएको मतपत्रमा प्रत्येक उम्मेदवारको एउटा निर्वाचन चिन्ह हुनेछ।

(३) मतदान अधिकृतले मतदान केन्द्रमा मतदान गर्न उपस्थित मतदातालाई आयोगले तोकिदिए बमोजिमको रीत पु-याई मतपत्र दिनेछ।

३३. <u>मतपेटिका</u> : (१) मतदानको लागि आयोगले तोके बमोजिमको मतपेटिका हुनेछ।

(२) मतदान केन्द्रमा मतदानकोलागि प्रयोग हुने मतपेटिका आयोगले तोके बमोजिमको रीत पु-याई बन्द गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ७
## मतदान

३४. <u>मतदान</u> : मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताले मात्र स्थानीय निकायको निर्वाचनमा मतदान गर्न पाउनेछ।

३५. <u>मतदानको समय</u> : (१) मतदान हुने मितिमा मतदानको अवधि आयोगले तोके बमोजिम हुनेछ।

(२) मतदानको समय दफा १४ बमोजिमको सूचनामा उल्लेख भए बमोजिम हुनेछ।

३६. <u>मतदान गर्ने तरिका</u> : (१) मतदान केन्द्रमा मतदाताले आयोगले तोकेको रीत पु-याई मतदान गर्नु पर्नेछ।

(२) मतदाताले दफा ३२ बमोजिमको मतपत्रमा आयोगले तोके बमोजिमको चिन्ह वा छाप लगाई मतदान गर्नु पर्नेछ।

(३) मतदाताले मतदान गर्दा आफूले रोजेको कुनै एकजना उम्मेदवारको निर्वाचन चिन्ह भएको मतपत्रको कोठामा गोप्य रुपमा उपदफा (२) बमोजिमको चिन्ह वा छाप लगाई मतदान गर्नु पर्नेछ।

(४) मतदाता नामावलीमा नाम दर्ता भएको मतदाताको नामबाट कुनै अर्को व्यक्तिले मतदान गर्नु हुँदैन।

(५) कुनै पनि मतदाताले कुनै एक पदको निर्वाचनमा एकभन्दा बढी स्थानमा मतदान गर्नु हुँदैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(६) कुनै मतदाताले कुनै एक पदको निर्वाचनमा एक भन्दा बढी मत दिनु हुँदैन।

(७) उपदफा (४) (५) र (६) बमोजिम मतदान गर्न नहुने कुनै मतदाता मतदान केन्द्रमा मतपत्र लिन आएमा मतदान अधिकृतले त्यस्तो मतदातालाई मतपत्र दिन इन्कार गर्न सक्नेछ।

३७. नाम ढाँटी मतदान गर्न आएमा उजूर गर्ने : (१) कुनै व्यक्तिले आफ्नो नाम ढाँटी कुनै अर्को मतदाताको नाममा मतदान गर्नको लागि मतपत्र लिन चाहेमा निजको विरोधमा उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधिले आयोगले तोकिदिए बमोजिमको रकम धरौटी राखी मतदान अधिकृत समक्ष उजूर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम उजूरी परेमा मतदान अधिकृतले सो उजूरी सम्बन्धमा तुरुन्त बुझी तत्काल निर्णय गर्नु पर्नेछ। त्यस्तो उजूरी र सो को निर्णय निर्णय किताबमा तुरुन्त जनाउनु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको उजूरी ठीक ठहरेमा मतदान अधिकृतले सो धरौटी रकम उजूर गर्ने व्यक्तिलाई तुरुन्त फिर्ता दिनु पर्नेछ। उजूरी ठीक नठहरेमा सो धरौटी रकम जफत गर्नु पर्नेछ। नाम ढाँटी मतदान गर्न आउने व्यक्तिलाई मतदान अधिकृतले रु. ५०।- सम्म जरिवाना गर्न सक्नेछ।

३८. अशक्त मतदाता : कुनै मतदाता स्वयं मतदान गर्न असमर्थ भई मतपत्रमा आफूले राजेको उम्मेदवारको चिन्ह रहेको कोठामा मत संकेत गरिदिन मतदान अधिकृतलाई अनुरोध गरेमा मतदान अधिकृतले सो मतदाताको इच्छा अनुसार


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४८८०

निजको मतपत्रमा मत संकेत गर्ने काममा सहयोग दिन सक्नेछ।

३९. मतदान केन्द्रमा प्रवेश : (१) मतदान अधिकृतले मतदान केन्द्रमा देहायका व्यक्तिहरू बाहेक अरूलाई प्रवेश गर्न दिने छैनः-

(क) मतदाताहरू,

तर कुनै प्रकारको हतियार साथ लिएको वा मादक पदार्थ सेवन गरेको व्यक्ति मतदाता भएपनि मतदान अधिकृतले मतदान केन्द्रमा प्रवेश गर्न दिने छैन।

(ख) उम्मेदवार वा निजको एक जना निर्वाचन प्रतिनिधि वा मतदान प्रतिनिधि,

(ग) आयोग, निर्वाचन अधिकृत वा मतदान अधिकृतबाट अनुमति पाएका व्यक्तिहरू, र

(घ) महिला मतदाताको साथमा रहेको काखको बालक।

(२) कुनै मतदाताले आफै मतदान गर्न नसक्ने भई आफ्नो परिवारको कुनै व्यक्तिलाई मतदान केन्द्रभित्र वा मतदान संकेत गर्ने गोप्य स्थान भित्र आफ्नो साथ लैजान चाहेमा मतदान अधिकृतले त्यस्तो व्यक्तिलाई प्रवेश गर्न अनुमति दिन सक्नेछ।

४०. मतदान केन्द्रमा प्रवेश गर्न नपाउने : मतदानको लागि निर्धारित समय समाप्त भएपछि कुनै पनि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

9869

मतदाताले मतदान केन्द्र भित्र प्रवेश गर्न पाउने छैन।

४१. निरीक्षण गर्ने : कुनै मतदाता मत संकेत गर्ने गोप्य स्थानमा मनासिव समय भन्दा बढी बसेमा वा मतदान अधिकृतलाई कुनै शंका लागेमा निजले मत संकेत गर्ने गोप्य स्थानमा प्रवेश गरी निरीक्षण गर्न सक्नेछ।

४२. मतपेटिका नोक्सान भएमा वा तोडफोड गरिएमा : (१) कुनै मतदान केन्द्रमा मतदानको लागि प्रयोग भएको मतपेटिका दुर्घटनावश नोक्सान भएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा मतदान अधिकृतले सो मतदान केन्द्र रहेको जिल्लाको निर्वाचन अधिकृतलाई त्यस घटनाको प्रतिवेदन तुरुन्त दिनु पर्नेछ।

(२) निर्वाचन अधिकृतको नियन्त्रणमा रहेको मतदानको लागि प्रयोग भएको मतपेटिका निजको नियन्त्रणबाट खोसिएमा वा जानाजान तोडफोड गरी नोक्सान गरिएमा वा दुर्घटनावश नोक्सान भएमा वा उपदफा (१) बमोजिमको प्रतिवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो मतदान केन्द्रको मतदान तुरुन्त रद्द गर्नु पर्नेछ र सो को प्रतिवेदन आयोगमा तुरुन्त दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम मतदान रद्द गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोकी सो को सूचना सो मतदान केन्द्रमा तुरुन्त प्रकाशित गर्नु पर्नेछ।

४३. संकटकालिन अवस्थामा मतदान स्थगित गर्न सकिने : (१) कुनै मतदान केन्द्रमा नियुक्त मतदान अधिकृतले देहायको अवस्थामा सो मतदान केन्द्रको मतदान स्थगित गर्न सक्नेछः-


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४८६२

(क) मतदान केन्द्रमा हिंसात्मक हुलदङ्गा या उपद्रव भएमा,

(ख) प्राकृतिक विपत्ति भएमा, वा

(ग) मतदान अधिकृतको काबू बाहिरको परिस्थिति भएमा।

(२) उपदफा (१) बमोजिम मतदान अधिकृतले मतदान स्थगित गरेमा सो को सूचना सोही मतदान केन्द्रमा तुरुन्त प्रकाशित गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम मतदान अधिकृतले मतदान स्थगित भएको जानकारी निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

(४) उपदफा (१) बमोजिम मतदान स्थगित गरिएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान हुने मिति र समय तोकी सो को सूचना सो मतदान केन्द्रमा समेत प्रकाशित गरी पुनः मतदान गराउनेछ।

४४. <u>मतदान केन्द्रको अनधिकृत कब्जा</u> : (१) निम्नलिखित अवस्थामा मतदान केन्द्रको अनधिकृत कब्जा भएको मानिनेछ :-

(क) कसैले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई मतदान केन्द्र, उपकेन्द्र वा मतदान गर्न निश्चित गरिएको स्थान आफ्नो कब्जामा लिई मतदानको कार्यमा प्रभाव पारेमा वा कुनै उम्मेदवारको समर्थक मतदाताहरूलाई मात्र मतदान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गर्न दिएमा वा अन्य मतदाताहरूलाई मतदान गर्न नदिएमा,

(ख) कसैले बल प्रयोग गरी वा नगरी मतदातालाई कुनै उम्मेदवारको पक्षमा मतदान गर्न वा नगर्न डर त्रास देखाएमा वा धम्की दिएमा वा मतदान गर्नको लागि मतदान केन्द्र, उपकेन्द्र वा मतदान गर्ने स्थानमा जान वा प्रवेश गर्न नदिएमा, वा

(ग) कसैले बल प्रयोग गरी वा नगरी मतदान कार्य संचालन गर्न खटिएको मतदान अधिकृत वा कर्मचारीलाई आफ्नो कर्तव्य पालन गर्न नदिएमा वा निजको जिम्मामा रहेको मतपत्र, मतपेटिका वा मतदान सम्बन्धी सामग्री खोसेमा वा अन्य त्यस्तै कार्य गरी मतदानको कार्य निष्पक्ष तथा स्वतन्त्र रूपमा सामान्य ढङ्गले संचालन नहुने वा हुन नसक्ने गरी प्रभावित गरेमा।

(२) उपदफा (१) को खण्ड (क), (ख) वा (ग) मा उल्लिखित कुनै प्रकारले मतदान केन्द्रको अनधिकृत कब्जा भएमा मतदान अधिकृतले तत्काल मतदान स्थगित गरी तत्काल नै निर्वाचन अधिकृतलाई र निर्वाचन अधिकृतले आयोगलाई त्यस्तो घटनाको प्रतिवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) बमोजिमको प्रतिवेदन प्राप्त भएमा आयोगले वा आयोगले कुनै निर्देशन दिएको अवस्थामा निर्वाचन अधिकृतले आयोगको सो निर्देशन बमोजिम उपदफा (१) बमोजिमको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

घटनाको जाँच गर्न सक्नेछ र सो जाँचको प्रतिवेदनको आधारमा आयोगले वा आयोगको निर्देशन अनुसार निर्वाचन अधिकृतले सो मतदान केन्द्रको मतदान रद्द गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम मतदान रद्द भएको मतदान केन्द्रमा निर्वाचन अधिकृतले पुनः मतदान गर्ने मिति र समय तोक्नु पर्नेछ र सो को सूचना मतदान केन्द्रमा समेत प्रकाशित गरी पुनः मतदान गराउनेछ।

४५. <u>मतपेटिका बन्द गर्ने</u> : मतदानको समय समाप्त भएपछि मतदान अधिकृतले मतदान गरिएको मतपत्र राखिएको मतपेटिका आयोगले तोके बमोजिमको रीत पु-याई बन्द गर्नु पर्नेछ।

४६. <u>मतपेटिका निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्ने</u> : मतदानको लागि प्रयोग गरिएको मतपेटिका मतदान अधिकृतले सुरक्षित रूपमा निर्वाचन अधिकृतलाई हस्तान्तरण गर्नु पर्नेछ।

## परिच्छेद - ८
## मतगणना र निर्वाचन परिणाम

४७. <u>मतगणनाको सूचना</u> : (१) स्थानीय निकायको कुनै पदको निर्वाचनको लागि मतदान गर्न निर्धारित सबै मतदान केन्द्रहरूमा मतदानको लागि प्रयोग गरिएका सबै मतपेटिकाहरू निर्वाचन अधिकृतले प्राप्त गरिसकेपछि मतगणना गर्ने स्थान, मिति र समय तोकी उम्मेदवारहरूको जानकारीको लागि सूचना प्रकाशित गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्रकाशित गर्दा मतगणनाको लागि उम्मेदवारले आफ्नो निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि

मनोनीत गरी मतगणना गर्ने स्थानमा पठाउनु पर्ने व्यहोरा समेत उल्लेख गर्नु पर्नेछ।

४८. मतगणना : (१) निर्वाचन अधिकृतले दफा ४७ को उपदफा (१) मा उल्लिखित मिति, समय र स्थानमा आयोगको निर्देशन बमोजिम मतगणना प्रारम्भ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको मतगणना गर्ने स्थानमा प्रत्येक उम्मेदवारले आफनो निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि राख्न चाहेमा निर्वाचन अधिकृतले त्यस्तो निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि राख्न दिनु पर्नेछ।

तर एक स्थानमा एक पटकमा दुई जना भन्दा बढी प्रतिनिधि राख्न दिनु हुँदैन।

(३) निर्वाचन अधिकृतले मतगणना गर्ने कार्य यथासम्भव एउटै कोठा वा ठाउँमा गर्नु पर्नेछ। एउटा कोठा वा ठाउँ मतगणनाको लागि पर्याप्त नभए अन्य कोठा वा ठाउंमा पनि मतगणना गर्न सकिनेछ।

तर छुट्टा छुट्टै घर वा ठाउँमा मतगणना गर्नु हुँदैन।

(४) स्थानीय निकायको कुनै सदस्यको निर्वाचनमा कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नु पर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदान कार्य समाप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना प्रारम्भ गरिने छैन।

४९. मतगणना गर्ने स्थानमा प्रवेश : निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा निम्नलिखित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

व्यक्तिलाई मात्र प्रवेश गर्न अनुमति दिन सक्नेछः-

(क) उम्मेदवार,

(ख) उम्मेदवारको निर्वाचन प्रतिनिधि,

(ग) उम्मेदवारको मतगणना प्रतिनिधि,

(घ) निर्वाचन अधिकृतले मतगणनाको काममा संलग्न गराएका कर्मचारीहरु र सुरक्षा कर्मचारीहरु,

(ङ) आयोगले अनुमति दिएका वा खटाएका व्यक्तिहरु, र

(च) निर्वाचन अधिकृतले अनुमति दिएका व्यक्तिहरु।

५०. मतगणना गर्ने स्थानबाट हटाउने : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने काममा रोकावट उत्पन्न गर्ने वा बाधा दिने व्यक्तिलाई सो स्थानबाट हटाउने आदेश दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको आदेश पाएको व्यक्तिले मतगणना गर्ने स्थानबाट बाहिर जानु पर्नेछ। त्यस्तो आदेश पालन नगर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेशले सो स्थानमा खटिएको सुरक्षा कर्मचारीले बल प्रयोग गर्नु पर्ने अवस्था भए बल समेत प्रयोग गरी सो स्थानबाट बाहिर पठाउनु पर्नेछ।

५१. मतगणना लगातार गर्ने : निर्वाचन अधिकृतले मतगणनाको कार्य प्रारम्भ गरेपछि मतगणना



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

98660

समाप्त नभएसम्म लगातार मतगणना गरी सो मतगणनाको कार्य समाप्त गर्नु पर्नेछ।

५२. मतगणना स्थगित गर्न सकिने : (१) मतगणनाको कार्य लगातार जारी राख्न काबू बाहिरको कारणले संभव हुन नसक्ने अवस्थामा निर्वाचन अधिकृतले मतगणना कार्य समाप्त हुनुभन्दा पहिले नै सो मतगणना कार्य स्थगित गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम मतगणनाको कार्य स्थगित गर्नुपर्ने भएमा निर्वाचन अधिकृतले मतगणना गरिसकेका मतपत्रहरू, मतगणना सम्बन्धी कागजातहरू, गणना गर्न बाँकी रहेका मतपत्रहरू र मतगणना गर्न बाँकी रहेका मतपेटिकाहरूको लगत समेत छुट्टा-छुट्टै खाममा राखी सो खाममा आफ्नो लाहाछाप लगाई बन्द गर्नु पर्नेछ र उम्मेदवार वा निजको प्रतिनिधिले पनि आफ्नो लाहाछाप लगाउन चाहेमा निजको लाहाछाप पनि लगाउन दिनु पर्नेछ।

(३) मतगणना स्थगित गरिएको र पुनः मतगणना प्रारम्भ हुने सूचना सोही स्थानमा तुरुन्त प्रकाशित गर्नु पर्नेछ।

५३. स्थगित गरिएको मतगणना पुनः प्रारम्भ गर्ने : (१) दफा ५२ बमोजिम स्थगित गरिएको मतगणनाको कार्य यथासंभव मतगणना स्थगित गरिएको दिनको भोलिपल्ट नै प्रारम्भ गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम मतगणना प्रारम्भ गर्दा दफा ४८ बमोजिम गर्नु पर्नेछ।

५४. मतपत्र बदर हुने अवस्था : देहायको अवस्थामा मतपत्र बदर हुनेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) सम्बन्धित मतदान अधिकृतको सहिछाप नभएको,

(ख) दफा ३६ को उपदफा (२) बमोजिमको चिन्ह वा छाप लगाई मत संकेत नगरिएको,

(ग) मत संकेत चिन्ह नबुझिने गरी च्यातिएको,

(घ) मत संकेत चिन्ह नबुझिने गरी लतपतिएको वा फोहर गरिएको,

(ङ) उम्मेदवारको निर्वाचन चिन्ह रहेको कोठामा मतसंकेत नगरी अन्यत्र मत संकेत गरिएको,

(च) उम्मेदवार नरहेको निर्वाचन चिन्हमा मात्र मत संकेत गरिएको,

(छ) मत संकेत नगरी मतदान अधिकृतलाई फिर्ता दिइएको,

(ज) एक भन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा छुट्टा-छुट्टै मत संकेत गरिएको,

(झ) एकभन्दा बढी उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा मत संकेतको चिन्ह पर्ने गरी मत संकेत गरिएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) मतपेटिका बाहिर राखिएको, वा

(ठ) जाली मतपत्र।

४४. पुनः मतगणना : (१) स्थानीय निकायको कुनै सदस्यको निर्वाचनको लागि भएको मतदानको मतगणना समाप्त नहुँदै वा मतगणनाको कार्य समाप्त भएपछि निर्वाचनको परिणामको घोषणा हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले सबै वा केही मतपत्र दोहो-याई गणना गराउन निर्वाचन अधिकृत समक्ष कारण सहितको लिखित निवेदन दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले तुरुन्त दर्ता गर्नु पर्नेछ र दोहो-याई मतगणना गर्नु पर्ने देखिएमा त्यसको सूचना दोहो-याई मतगणना गराउन निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई र मतगणना स्थलमा उपस्थित अन्य उम्मेदवार वा निजका निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई समेत दिई तुरुन्त दोहो-याई मतगणना गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिमको निवेदन बमोजिम निर्वाचन अधिकृतले दोहो-याई मतगणना गर्नु नपर्ने देखेमा सोही बमोजिम निर्णय गरी सो निर्णयको सूचना दोहो-याई मतगणना गराउन निवेदन दिने उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा हुनु भन्दा पहिले नै दिनु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५६. मत बराबर भएमा गोला हाली निर्णय गर्ने : स्थानीय निकायको कुनै सदस्यको निर्वाचनमा मतदान भएको सबै मतपत्रहरूको मतगणना कार्य समाप्त भएपछि दुई वा दुई भन्दा बढी उम्मेदवारहरूले प्राप्त गरेको सदर मत बराबर भएमा निर्वाचन अधिकृतले बराबर मत प्राप्त गर्ने उम्मेदवारहरूको बीच गोला हाली निर्णय गर्नु पर्नेछ। त्यसरी गोलाद्वारा छानिएको उम्मेदवारले एक मत बढी प्राप्त गरेको मानिनेछ।

५७. मतगणना तालिका तयार गर्ने : स्थानीय निकायको कुनै सदस्यको निर्वाचनमा मतदान भएको सबै मतपत्रहरूको गणना गर्ने कार्य समाप्त भएपछि निर्वाचन अधिकृतले खसेको मत, सदर मत, बदर मत र प्रत्येक उम्मेदवारले प्राप्त गरेको सदर मत समेत उल्लेख गरी आयोगले तोकिदिए बमोजिमको मतगणना तालिका तयार गर्नु पर्नेछ।

५८. निर्वाचन परिणामको घोषणा गर्ने : दफा ५७ बमोजिमको मतगणना तालिका तयार गरेपछि सो तालिकाको आधारमा निर्वाचन अधिकृतले प्रत्येक उम्मेदवारले प्राप्त गरेको सदर मत समेत उल्लेख गरी सबैभन्दा बढी सदर मत प्राप्त गर्ने उम्मेदवार निर्वाचित भएको निर्वाचन परिणामको घोषणा गर्नु पर्नेछ र त्यस्तो घोषणाको एक प्रति निर्वाचन अधिकृतले आफ्नो कार्यालयमा तुरुन्त प्रकाशित गर्नु पर्नेछ।

५९. निर्वाचन परिणामको विवरण आयोगमा पठाउने : निर्वाचन अधिकृतले निर्वाचन परिणामको विवरण र निर्वाचन घोषणा सम्बन्धी सम्पूर्ण विवरण आयोगमा तुरुन्त पठाउनु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

६०. आयोगले नामावली पठाउने : दफा ५९ बमोजिमको निर्वाचन परिणामको विवरण प्राप्त भएपछि आयोगले निर्वाचित उम्मेदवारहरूको नामावली श्री ५ को सरकारको सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

६१. निर्वाचन मिति : दफा ५८ बमोजिम निर्वाचन अधिकृतले निर्वाचन परिणाम घोषणा गरेको मितिलाई उम्मेदवार निर्वाचित भएको मिति मानिनेछ।

## परिच्छेद - ९
## उम्मेदवारको प्रतिनिधि

६२. निर्वाचन प्रतिनिधि : (१) कुनै उम्मेदवारले यस ऐन बमोजिम मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिलाई आफ्नो निर्वाचन सम्बन्धी कार्यको लागि निर्वाचन प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) उम्मेदवारले उपदफा (१) बमोजिम निर्वाचन प्रतिनिधि नियुक्त गरेमा सोको लिखित सूचना निर्वाचन अधिकृतलाई दिनु पर्नेछ।

(३) उपदफा (१) बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिलाई उम्मेदवारले जुनसुकै समयमा हटाउन सक्नेछ। निर्वाचन प्रतिनिधिलाई हटाएको सूचना निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

६३. निर्वाचन प्रनिनिधिको काम, कर्तव्य : दफा ६२ बमोजिम नियुक्त निर्वाचन प्रतिनिधिले यस ऐन बमोजिम निजले गर्नु पर्ने भनी उल्लेख भएको काम, कर्तव्य गर्नु पर्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
१४८८२

६४. <u>मतदान प्रतिनिधि र मतगणना प्रतिनिधि</u> : (१) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदानको समयमा मतदान गर्ने स्थानमा उम्मेदवारको प्रतिनिधित्व गर्न यस ऐन बमोजिम मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिलाई मतदान प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतगणना स्थलमा मतगणनाको लागि उम्मेदवारको प्रतिनिधित्व गर्न यस ऐन बमोजिम मतदाता हुन योग्यता पुगेको कुनै व्यक्तिलाई मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधि नियुक्त गरेमा सो को लिखित सूचना मतदान अधिकृत र निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ।

६५. <u>मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिको काम, कर्तव्य</u> : दफा ६४ बमोजिम नियुक्त मतदान प्रतिनिधि र मतगणना प्रतिनिधिले यस ऐन बमोजिम निजहरूले गर्नु पर्ने भनी उल्लेख भएको काम, कर्तव्य गर्नु पर्नेछ।

६६. <u>काम कारवाही अवैध नहुने</u> : यो ऐन बमोजिम उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि वा मतगणना प्रतिनिधिले गर्नुपर्ने कुनै काम नगरेमा वा निज उपस्थित रहनु पर्नेमा सो बमोजिम उपस्थित नरहेमा कानून बमोजिम सम्पन्न गरिएको निर्वाचन सम्बन्धी कुनै काम कारवाही अवैध हुनेछैन।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - १०
## विविध

६७. <u>धरौटी राख्नु पर्ने</u> : (१) स्थानीय निकायको निर्वाचनमा उम्मेदवार हुनको लागि देहाय बमोजिमको रकम धरौटी राख्नु पर्नेछः-

| | |
|---|---|
| (क) गाउँ विकास समितिको सदस्य पदको लागि | रु. ५०।- |
| (ख) गाउँ विकास समितिको अध्यक्ष वा उपाध्यक्ष पदको लागि | रु. १००।- |
| (ग) नगरपालिकाको सदस्य पदको लागि | रु. २००।- |
| (घ) नगरपालिकाको प्रमुख वा उपप्रमुख पदको लागि | रु. ५००।- |
| (ङ) जिल्ला विकास समितिको सदस्य पदको लागि | रु. ५००।- |
| (च) जिल्ला विकास समितिको सभापति वा उपसभापति पदको लागि | रु.१०००।- |

(२) कुनै एक पदको निर्वाचनमा एउटा उम्मेदवारको मनोनयनको लागि एक भन्दा बढी मनोनयनपत्र दाखिल गर्नु परेमा पनि एउटा मनोनयनपत्रको लागि मात्र धरौटी राख्नु पर्नेछ।

(३) उम्मेदवार हुनको लागि मनोनयनपत्र दाखिल गर्दा निर्वाचन अधिकृतको कार्यालयमा

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नगद धरौटी राख्न वा निर्वाचन अधिकृतको कार्यालयको नाममा निजले तोकेको बैंकमा नगद जम्मा गर्नु पर्नेछ।

(४) उम्मेदवार हुनको लागि मनोनयनपत्र दाखिल गर्दा धरौटी राखेको नगदी रसीद वा बैंक भाउचर सो मनोनयनपत्र साथ संलग्न गर्नु पर्नेछ।

६८. धरौटी जफत हुने : (१) कुनै सदस्य पदको निर्वाचनमा मतदान गरिएको जम्मा सदर मतको दश प्रतिशतभन्दा कम सदर मत प्राप्त गर्ने उम्मेदवारको धरौटी जफत हुनेछ।

तर निर्वाचित उम्मेदवारले यस उपदफा बमोजिम दश प्रतिशतभन्दा कम सदर मत प्राप्त गरेमा निजको धरौटी जफत हुनेछैन।

(२) उपदफा (१) बमोजिम धरौटी जफत हुने उम्मेदवार बाहेक अन्य उम्मेदवार र मनोनयनपत्र स्वीकृत नभएका तथा उम्मेदवार नहुने भई नाम फिर्ता लिएका व्यक्तिहरूले दफा ६७ बमोजिम राखेको धरौटी निर्वाचन परिणाम घोषणा भएको तीस दिन भित्र उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले फिर्ता लिन सक्नेछ।

(३) उपदफा (२) बमोजिमको म्याद भित्र फिर्ता नलिएको धरौटी रकम श्री ५ को सरकारको संचित कोषमा दाखिल गरिनेछ।

६९. निर्वाचन खर्च : (१) उम्मेदवारले स्थानीय निकायको निर्वाचनमा खर्च गर्न पाउने रकमको हद आयोगले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिए बमोजिम हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधिले निर्वाचनको अवधिमा निर्वाचनको कामको लागि खर्च गरिएको विवरण आयोगले तोकिदिए बमोजिम राख्नु पर्नेछ।

<u>स्पष्टिकरणः</u>- यस दफाको प्रयोजनको लागि "निर्वाचनको अवधि" भन्नाले कुनै पदको निर्वाचनको लागि उम्मेदवारको मनोनयनपत्र दर्ता भएपछि सो पदको निर्वाचन परिणामको घोषणा भएको मितिसम्मको अवधि सम्झनु पर्छ।

(३) निर्वाचित उम्मेदवारले उपदफा (२) बमोजिमको निर्वाचन खर्चको विवरण निज उम्मेदवार भएको पदको निर्वाचन परिणामको घोषणा भएको मितिले तीस दिन भित्र निर्वाचन अधिकृत समक्ष अनिवार्य रूपमा दाखिल गर्नु पर्नेछ। निर्वाचन अधिकृतले त्यस्तो विवरण आयोगमा तुरुन्त पठाउनु पर्नेछ।

७०. <u>निर्वाचन सम्बन्धी कागजातको गोप्यता</u> : (१) निर्वाचन अधिकृतले निर्वाचनमा प्रयोग भएका सिलबन्दी कागजातहरू मतगणनाको प्रयोजनको लागि आवश्यकता अनुसार खोली हेर्न सक्नेछ र मतगणनाको काम समाप्त भएपछि सो कागजात पुनः सिलबन्दी गरी आयोगले तोकिदिएको अधिकृतलाई हस्तान्तरण गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम सिलबन्दी भइरहेको मतपत्रको अधकट्टी, मतदानमा प्रयोग गरिएको मतदाता नामावली र सदर तथा बदर मतपत्रहरू राखिएको सिलबन्दी खाम र कागजातहरू प्रचलित कानून बमोजिम परेको उजूरीको सिलसिलामा अदालतले मात्र खोल्न र हेर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम अदालतको आदेशले सिलबन्दी खाम खोली हेरिएका कागजातहरू काम समाप्त भएपछि सोही अदालतले यथा रूपमा सिलबन्दी गरी राख्नु पर्नेछ। अदालत बाहेक अन्य कुनै निकाय वा अधिकारीलाई त्यस्तो सिलबन्दी खाम खोली कागजात हेर्ने अधिकार हुने छैन।

(४) उपदफा (१) बमोजिम आयोगले तोकिदिएको अधिकृतले यस दफामा उल्लिखित कागजातहरू मुद्दा परेकोमा मुद्दाको अन्तिम टुङ्गो लागेको मितिले र मुद्दा नपरेकोमा उजूरी गर्ने म्याद भुक्तान भएको मितिले तीन महीनासम्म सुरक्षित राख्नुपर्नेछ।

७१. <u>गोप्यता भङ्ग गर्न नहुने</u> : (१) कानून बमोजिम अधिकार पाएकोमा बाहेक निर्वाचन सम्बन्धी काम गर्न खटिएको कुनै पनि कर्मचारी वा उम्मेदवार वा उम्मेदवारको वारिस, निर्वाचन प्रतिनिधि, मतदान प्रतिनिधि मतगणना प्रतिनिधि वा अन्य कुनै व्यक्तिले मतपत्रमा मतदाताले संकेत गरेको मत वा तत्सम्बन्धमा आफूलाई जानकारी रहेको वा हुन आएको अन्य कुनै कुरा कसैलाई भन्न, लेख्न वा कुनै किसिमले प्रकाश वा संकेत गरी गोप्यता भंग गर्नु हुँदैन।

(२) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यस ऐन अन्तर्गत चलेको कानूनी कारवाईमा कुनै पनि साक्षी वा कुनै व्यक्तिलाई निर्वाचनमा निजले कसलाई मत दिएको हो भनी वा कसले कसलाई मत दिएको हो भनी प्रश्न गरिने छैन।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ। ९४८६

७२. <u>आदेश जारी गर्ने र निर्देशन दिने</u> : (१) यस ऐनमा लेखिएको कुराका अतिरिक्त निर्वाचनको सम्बन्धमा आयोगले आवश्यक आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश नेपाल राजपत्रमा प्रकाशित गरिनेछ।

(२) आयोगले निर्वाचन संचालनको लागि निर्वाचनको काममा संलग्न व्यक्ति वा कर्मचारीहरूलाई आवश्यक निर्देशन दिन सक्नेछ।

(३) उपदफा (१) र (२) बमोजिमको आदेश र निर्देशन पालन गर्नु उम्मेदवार र निजका प्रतिनिधिहरू, निर्वाचन सम्बन्धी काम कुराहरूको प्रचार प्रसार गर्न संलग्न रहने व्यक्तिहरू तथा निर्वाचनको काममा संलग्न व्यक्ति वा कर्मचारीहरूको कर्तव्य हुनेछ।

७३. <u>मद्दत लिन सकिने</u> : (१) निर्वाचन अधिकृत, मतदान अधिकृत वा आयोगले निर्वाचनको काममा संलग्न गराएका पर्यवेक्षक वा कुनै व्यक्ति वा कर्मचारीले निर्वाचनको कामको सिलसिलामा स्थानीय तहमा रहेका प्रहरी लगायत कुनै पनि सरकारी वा सुरक्षा सम्बन्धी निकायको मद्दत लिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम सम्बन्धित व्यक्तिले मद्दत मागेमा मद्दत पु-याउनु सम्बन्धित प्रहरी लगायतका सरकारी तथा सुरक्षा सम्बन्धी निकायको कर्तव्य हुनेछ।

७४. <u>नियम बनाउने अधिकार</u> : यो ऐनको उद्देश्य कार्यान्वित गर्न श्री ५ को सरकारले आयोगको परामर्श लिई नियमहरू बनाउन सक्नेछ।

७५. बचाउ : यो ऐन र यस ऐन अन्तर्गत बनेको नियम तथा आयोगबाट जारी भएको आदेश एवं निर्देशन बमोजिम भए गरेको निर्वाचन सम्बन्धी कुनै काम कारवाईको सम्बन्धमा प्रचलित कानून बमोजिम गठित निर्वाचन विशेष अदालतमा बाहेक अन्य अदालत वा निकायमा प्रश्न उठाइने छैन।

लालमोहर सदर मिति :– २०४८।१२।२६।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 4825

# भाग २

## श्री ५ को सरकार

## कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासनकालको एक्काईसौं वर्षमा संसदले बनाएको तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### २०४८ सालको ऐन नं. ३६

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला परम नेपालप्रतापभास्कर ओजस्विराजन्य परम गौरवमय तेजस्वी त्रिभुवनप्रजातन्त्रश्रीपद परम उज्ज्वल कीर्तिमय नेपालश्रीपद परम प्रोज्ज्वल नेपालतारा परम पवित्र ॐरामपट्ट परम ज्योतिर्मय सुविख्यात त्रिशक्तिपट्ट परम सुप्रसिद्ध प्रबल गोरखादक्षिणबाहु परमाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

## नगरपालिकाको व्यवस्था गर्न बनेको ऐन

प्रस्तावनाः विकेन्द्रीकरणको माध्यमद्वारा नगर क्षेत्रका जनतालाई स्वायत्त शासन र विकास कार्यमा अधिकाधिक सरिक गराई नगर क्षेत्रको विकास निर्माण र सेवा सुविधा स्थानीय स्तरमा नै उपलब्ध गराउन र



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४५७

नगर क्षेत्रको आर्थिक, सामाजिक तथा सांस्कृतिक आदि सर्वाङ्गीण विकासका लागि नगरवासीहरूमा जवाफदेहीको भावना अभिवृद्धि गर्न विभिन्न स्तरका नगरपालिकाहरूको गठन र त्यसको संस्थागत विकास गर्न वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवको शासन कालको एक्काइसौं वर्षमा संसदले यो ऐन बनाएको छ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "नगरपालिका ऐन, २०४८" रहेको छ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "नगरपालिका" भन्नाले दफा ५ बमोजिम गठित नगरपालिका सम्झनु पर्छ र सो शब्दले महानगरपालिका र उपमहानगरपालिकालाई समेत जनाउनेछ।

(ख) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुख सम्झनु पर्छ।

(ग) "उपप्रमुख" भन्नाले नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्छ।

(घ) "सदस्य" भन्नाले नगरपालिकाको सदस्य सम्झनु पर्छ र सो शब्दले



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। १४५९

प्रमुख तथा उपप्रमुखलाई समेत जनाउनेछ।

(ङ) "सचिव" भन्नाले दफा ७१ बमोजिम श्री ५ को सरकारले नगरपालिकाको सचिव भई काम गर्न नियुक्त गरेको अधिकृत सम्झनु पर्छ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियम वा विनियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

## परिच्छेद - २

## नगरपालिकाको क्षेत्र, वडा विभाजन र गठन

३. नगरपालिकाको क्षेत्र तोक्ने : (१) श्री ५ को सरकारले नेपाल अधिराज्य भित्रको कम्तिमा बीस हजार जनसंख्या भएको र विद्युत, सडक, खानेपानी र सञ्चार व्यवस्था भएको कुनै नगर क्षेत्रलाई चार किल्ला खोली नगरपालिका क्षेत्र तोक्न सक्नेछ।

(२) नगरपालिकाको क्षेत्र वा वडाको सीमाना हेरफेर गर्न आवश्यक देखेमा श्री ५ को सरकारले सम्बन्धित विशेषज्ञ समेत रहेको आयोग वा समिति गठन गरी सो को सिफारिशमा सीमाना हेरफेर गर्न सक्नेछ।

४. वडा विभाजन : दफा ३ बमोजिम तोकिएको नगरपालिकाको क्षेत्रलाई श्री ५ को सरकारले यथासम्भव बराबर जनसंख्या पर्ने गरी कम्तिमा नौ वडामा विभाजन गर्न सक्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५. <u>नगरपालिकाको गठन</u> : (१) दफा ३ बमोजिम तोकिएको नगरपालिका क्षेत्रमा नगरपालिकाको गठन गरिनेछ।

(२) उपदफा (१) बमोजिम गठन हुने नगरपालिकामा देहाय बमोजिमका प्रमुख, उपप्रमुख र सदस्यहरू रहनेछन्:-

(क) नगरपालिका क्षेत्र भित्रका १८ वर्ष उमेर पुगेका र सो क्षेत्रमा कम्तिमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकहरूले निर्वाचन गरी पठाएका एकजना प्रमुख र एकजना उपप्रमुख,

(ख) नगरपालिकाको प्रत्येक वडाका १८ वर्ष उमेर पुगेका र सो वडामा कम्तिमा एक वर्ष बसोबास गरेका नेपाली नागरिकहरूले आ-आफ्नो वडाबाट एक एक जनाको दरले निर्वाचन गरी पठाएका सदस्यहरू।

६. <u>नगरपालिकाको वर्गीकरण</u> : (१) दफा ५ बमोजिम गठित नगरपालिकाहरूलाई श्री ५ को सरकारले जनसंख्या, आयश्रोत र अन्य शहरी सुविधाको आधारमा देहाय बमोजिम वर्गीकरण गर्न सक्नेछ:-

(क) महानगरपालिका,

(ख) उप-महानगरपालिका,

(ग) नगरपालिका।

(२) उपदफा (१) बमोजिम वर्गीकृत देहायको नगरपालिकामा देहाय बमोजिमको जनसंख्या तथा शहरी सुविधा हुनु पर्नेछ :-

(क) महानगरपालिका : कम्तिमा तीन लाख जनसंख्या र न्यूनतम सात करोड वार्षिक आयश्रोत तथा विद्युत, सडक, खानेपानी, सञ्चार र अन्य त्यस्तै पर्याप्त शहरी सुविधाहरू भएको।

(ख) उप-महानगरपालिका : कम्तिमा एकलाख जनसंख्या र न्यूनतम दुई करोड वार्षिक आय श्रोत तथा विद्युत, सडक, खानेपानी, सञ्चार र अन्य त्यस्तै आवश्यक शहरी सुविधाहरू भएको र नगरपालिका भईसकेको।

(ग) नगरपालिका : कम्तिमा बीसहजार जनसंख्या र न्यूनतम दशलाख वार्षिक आय श्रोत तथा विद्युत, सडक, खानेपानी, सञ्चार र अन्य त्यस्तै न्यूनतम शहरी सुविधा भएको अर्ध शहरी क्षेत्र।

तर यस अघि कायम भईसकेका नगरपालिकाहरूलाई यस व्यवस्थाले प्रभावित पार्ने छैन।

नगरपालिका संगठित संस्था हुने : (१) प्रत्येक नगरपालिका अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नगरपालिकाको सबै कामको लागि आफ्नो एउटा छुट्टै छाप हुनेछ।

(३) नगरपालिकाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्ने, उपभोग गर्ने र बेच बिखन गर्न सक्नेछ।

(४) नगरपालिकाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजूर गर्न र सो उपर पनि सोही नामबाट नालिस उजूर लाग्न सक्नेछ।

८. <u>सदस्यको पदावधि</u> : (१) नगरपालिकाको सदस्यको पदावधि पाँच वर्षको हुनेछ।

(२) नगरपालिकाको सदस्यको पदावधि गणना गर्दा पदावधि शुरु हुने साल बैशाख १ गतेदेखि गणना गरिनेछ र पाँच वर्षको पदावधि नबढाई प्रत्येक पाँचौ वर्षको चैत्र मसान्तमा पदावधि समाप्त भएको मानिनेछ।

(३) कुनै कारणवश निर्धारित समयमा कुनै नगरपालिकाको सदस्य पदको निर्वाचन सम्पन्न हुन नसकी अरु समयमा सम्पन्न भए पनि निर्वाचित सदस्यको पदावधि गणना गर्दा निर्धारित समयमा निर्वाचित भए सरह सम्झी पदावधिको गणना गरिनेछ।

(४) कुनै नगरपालिकाको सदस्य पद कुनै कारणवश रिक्त हुन आएमा बाँकी अवधिको लागि मात्र सो रिक्त पदको पूर्ति प्रचलित कानूनमा व्यवस्था भए बमोजिम उप-निर्वाचनद्वारा गरिनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर ६ महीना भन्दा कम अवधिको लागि उप-निर्वाचन गरिने छैन।

९. <u>सदस्यको लागि चाहिने योग्यता</u> : नगरपालिकाको सदस्यमा निर्वाचित हुन देहाय बमोजिमको योग्यता हुनु पर्नेछः-

(क) नेपाली नागरिक भएको,

(ख) पच्चीस वर्ष उमेर पुगेको,

(ग) नगरपालिका क्षेत्रमा कम्तिमा एक वर्ष बसोबास गरेको,

(घ) नगरपालिकासंग ठेक्का पट्टा वा चल अचल सम्पत्ति सम्बन्धी व्यवहारमा कुनै निजी स्वार्थ नभएको,

(ङ) अन्य प्रचलित कानूनले अयोग्य नभएको, र

(च) सार्वजनिक सम्पत्ति हिनामिना गरेको नठहरेको।

तर असूली भएको प्रमाण पेश गरेमा यो खण्ड लागू हुने छैन।

१०. <u>सदस्यता कायम नरहने अवस्था</u> : देहायको अवस्थामा नगरपालिकाको सदस्यता कायम रहने छैन :-

(क) दफा ९ बमोजिमको योग्यता नभएमा,

(ख) जिल्ला विकास समितिको सभापति, उपसभापति वा सदस्यमा वा

नगरपालिकाको प्रमुख वा उपप्रमुखमा निर्वाचित भएमा,

(ग) राजिनामा दिएमा,

(घ) मृत्यु भएमा,

(ङ) प्रतिनिधि सभा वा राष्ट्रिय सभाको सदस्यको निर्वाचनमा उम्मेदवार भएमा वा राष्ट्रिय सभाको सदस्यमा मनोनीत भएमा, वा

(च) मनासिब माफिकको सूचना नदिई लगातार ३ पटकसम्म नगरपालिकाको बैठकमा उपस्थित नरहेमा।

११. शपथ : प्रमुखले जिल्ला न्यायाधीश समक्ष, उपप्रमुख तथा सदस्यहरूले प्रमुख समक्ष र प्रमुखको अनुपस्थितिमा उपप्रमुख समक्ष र दुवैको अनुपस्थितिमा जिल्ला न्यायाधीश समक्ष शपथ ग्रहण गर्नु पर्नेछ।

१२. पद त्याग गर्न सक्ने : प्रमुखले उपप्रमुख मार्फत नगरपालिका समक्ष र उप-प्रमुख तथा सदस्यहरूले प्रमुख समक्ष राजिनामा दिई पद त्याग गर्न सक्नेछन्।

## परिच्छेद - ३
## नगरपालिकाको बैठक र कार्यप्रणाली

१३. नगरपालिकाको बैठक : (१) नगरपालिकाको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ।

(२) प्रमुखको आदेश अनुसार सचिवले नगरपालिकाको बैठक बोलाउनेछ।

(३) नगरपालिकाको बैठकको अध्यक्षता प्रमुखले गर्नेछ र निजको अनुपस्थितिमा उपप्रमुखले र उपप्रमुखको पनि अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरूले आफू मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(४) नगरपालिकाका एक तिहाई सदस्यहरूले नगरपालिकाको बैठक बोलाउन प्रमुख समक्ष लिखित अनुरोध गरेमा प्रमुखले पन्ध्र दिन भित्र बैठक बोलाउनु पर्नेछ।

(५) नगरपालिकाको बैठकमा पचास प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ। गणपूरक संख्या नपुगेमा पुनः बैठक बोलाउनु पर्नेछ। दोश्रो पटक पनि गणपूरक संख्या नपुगेमा तेश्रो पटक बोलाइएको बैठकमा एक तिहाई सदस्यहरू उपस्थित भएमा पनि बैठक गर्न सकिनेछ।

(६) नगरपालिकाको बैठकको निर्णय सचिवले प्रमाणित गर्नेछ।

(७) नगरपालिकाको बैठक सम्बन्धी अन्य कार्यविधि नगरपालिका आफैले निर्धारण गरे बमोजिम हुनेछ।

<u>नगरपालिकाको बैठकको निर्णय</u> : (१) नगरपालिकाको बैठकको निर्णय उपस्थित सदस्यहरूको बहुमतको आधारमा गरिनेछ।

तर नगरपालिकाको अचल सम्पत्तिको बेच बिखन वा हस्तान्तरण गर्ने, दान, दातव्य

१४५८

दिने वा ऋण लिने कुराको सम्बन्धमा निर्णय गर्दा दुई तिहाई बहुमतको आवश्यकता हुनेछ।

(२) नगरपालिकाको बैठकमा मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायात्मक मत दिन सक्नेछ।

## परिच्छेद - ४
## काम, कर्तव्य र अधिकार

१५. नगरपालिकाको काम, कर्तव्य र अधिकार : (१) नगरपालिकाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) नगरको विकास प्रशासनलाई निकायगत समन्वय गरी मार्ग-दर्शन गर्ने,

(ख) आवश्यक पद सृजना गर्ने, कर्मचारी सम्बन्धी नीति निर्धारण गर्ने र सेवा शर्तको विनियम स्वीकृत गर्ने,

(ग) कुनै पनि विशिष्ट व्यक्तिलाई सम्मानार्थ नगरको विशिष्ट व्यक्तिको रूपमा सम्मान प्रदान गर्ने,

(घ) नगरको खानेपानी, बाढ नियन्त्रण, आंधीबेरी, प्राकृतिक सम्पदाको र पुरातात्विक सम्पदाको संरक्षण गर्न संरक्षित क्षेत्र निर्धारण गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) नगर क्षेत्रमा रहेका खोला, नाला, कुवा, इनार, पोखरी, ताल, तलाउ, ढुंगेधारा आदिको पानी संरक्षण गरी सदुपयोग गराउने,

(च) नगरको विकास योजना पारित गर्ने र नगरको विकासको लागि जग्गा विकास योजना र अन्य योजना पारित गर्ने,

(छ) नगरपालिकाको वार्षिक बजेट पारित गर्ने, आर्थिक विवरण माथि छलफल गर्ने र प्रमुखले पेश गरेका आर्थिक तथा लेखापरीक्षण प्रतिवेदन स्वीकृत गर्ने,

(ज) नगरपालिकाले उठाउन पाउने कर उठाउने प्रक्रिया स्वीकृत गर्ने,

(झ) नगरपालिकाबाट असूल गरिने कर, दस्तूर, महसूल, सेवा शुल्क आदिको दर निर्धारण गर्ने,

(ञ) नगरपालिकाको सम्पत्ति धित्तो बन्धक राखी ऋण वा सहायता लिने र श्री ५ को सरकारले संरक्षण प्रदान गरेका शेयर, डिवेञ्चर र ऋण तथा बचतपत्र खरीद गर्ने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) नगरपालिकाको आर्थिक लगानी भएको संस्थामा प्रतिनिधि मनोनयन गर्ने,

(ठ) नगर क्षेत्रको विकास सम्बन्धी कार्य गर्ने,

(ड) घर बनाउन नक्सा पास गर्ने,

(ढ) वातावरण संरक्षण, पुरातात्विक बस्तुको र संस्कृतिको संरक्षण गर्ने,

(ण) व्यापार तथा वाणिज्यको विकास गर्ने,

(त) जन स्वास्थ्य र सामाजिक विकास गर्ने,

(थ) शिशु स्याहार, व्यायामशाला तथा डिस्पेन्सरीको व्यवस्था गर्ने,

(द) बहुला तथा छाडा कुकूर मारी सार्वजनिक हितको सुरक्षा गर्ने र मरेको पशु पन्छी गाडने ठाउँ तोक्ने,

(ध) कुनै व्यक्ति मानसिक असन्तुलन भै नाङ्गै हिंडेमा निजलाई पक्राउ गरी हकवाला भए निज जिम्मा र नभए स्थानीय प्रशासनमा बुझाई दिने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(न) छ देखि दश वर्षसम्म उमेरका बालबालिकाहरूलाई अनिवार्य रूपमा शिक्षालयमा दाखिला गर्ने गराउने,

(प) विशेष स्थानलाई विशेष सर-सफाई क्षेत्र तोकी सफाई गराउने,

(फ) खतरा उत्पन्न गर्ने रूख काटन लगाउने, घर पर्खाल भत्काउन लगाउने,

(ब) स्वास्थ्यको लागि हानिकारक चिज बस्तु हटाउने,

(भ) रोगी वा मनाही भएका जीव जन्तुको मासु बिक्री गर्न नदिने

(म) महामारीको रोकथामको व्यवस्था गर्ने,

(य) नगर क्षेत्रको ब्लक नम्बर अद्यावधिक राख्ने,

(र) हक बेहक छुटयाउने बाहेक घर, पसल, सडक आली, सन्धी सर्पन सम्बन्धी उजूर परेमा जाँची किनारा गर्ने,

(ल) पशु बधशालाको प्रबन्ध गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(व) छाडा पशु पक्राउ गरी लिलाम गर्ने,

(श) जन-सहभागितामा विभिन्न कार्यक्रमहरू सञ्चालन गराउने,

(ष) बस पार्क, रिक्सा, टांगा, ट्रक आदिको पार्किङ्ग व्यवस्था मिलाउने,

(स) गल्ली तथा सडकमा बत्तीको प्रबन्ध गर्ने,

(ह) हाट बजार, मेला र प्रदर्शनीको व्यवस्था गर्ने,

(क्ष) नगरको यातायात आवश्यकतालाई महशूस गरी स्थानीय स्तरका ठेला, रिक्सा, टांगा आदिको अधिकतम् हद तोक्ने र ठेला, रिक्सा, टांगा दर्ता गरी नम्बर दिने,

(त्र) नगरवासीको हित हुने अन्य कामहरू गर्ने।

(२) नगरपालिकाले उपदफा (१) बमोजिमका काम, कर्तव्यको साथै देहाय बमोजिमको कार्य गर्न सक्नेछ :-

(क) यातायात व्यवस्था तथा सडक मर्मत सुधारको प्रबन्ध गर्ने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ

(ख) खानेपानी आपूर्ति व्यवस्था गर्ने,

(ग) उर्जा आपूर्ति व्यवस्था गर्ने,

(घ) नाला र ढल निर्माणको व्यवस्था गर्ने,

(ङ) शहर सफाई व्यवस्था गर्ने,

(च) फोहर कसिंगर संकलन तथा फाल्ने व्यवस्था गर्ने,

(छ) प्राथमिक शिक्षाको व्यवस्था गर्ने,

(ज) भू-उपयोग तथा नगर विकास योजना सञ्चालन गर्ने,

(झ) अग्नी निरोधक कार्यक्रम (बारूण यन्त्र) सञ्चालन गर्ने,

(ञ) शव दाह व्यवस्था, मसानघाट, धोबीघाट तोक्ने,

(ट) सार्वजनिक शौचालयको व्यवस्था गर्ने

(ठ) आफ्नो क्षेत्र भित्रको वनको संरक्षण गर्ने,

(ड) विभिन्न जाती, भाषा धर्म र संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्ने।

१५०४
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(३) उपदफा (२) बमोजिमका कार्यहरू नगरपालिका र उप-महानगरपालिकाहरूले जिल्ला स्थित श्री ५ को सरकारको सम्बन्धित कार्यालयको समेत सहयोगमा सम्पादन गर्नेछन् र महानगरपालिकाले सो कार्यको लागि प्राविधिक व्यवस्था गर्न सक्नेछ।

(४) श्री ५ को सरकारले अह्राएको विशेष कार्यहरू प्रचलित कानून बमोजिम नगरपालिकाले सम्पादन गर्नु पर्नेछ। यस्ता कार्यहरूबाट श्रृजित व्ययभार सम्बन्धित निकायले व्यहोर्नु पर्नेछ। यस्ता कार्यहरू निम्न बमोजिम हुनेछन्:-

(क) व्यक्तिगत घटना दर्ता सम्बन्धी कार्यहरू,

(ख) कानून बमोजिम तोकिएका तथ्यांक र अभिलेख राख्ने कार्यहरू,

(ग) स्थानीय तथा राष्ट्रिय निर्वाचन सम्बन्धी कार्यहरू,

(घ) अनैतिक पेशा र व्यापार नियन्त्रण सम्बन्धी कार्यहरू,

(ङ) नगर क्षेत्र भित्रका अन्य निर्माण नियन्त्रण र अनियमित निर्माण कार्य रोक्ने, भत्काउने जस्ता प्रशासनिक कार्यहरू,

(च) नगरपालिकाले अन्य निकायसित द्विपक्षीय सहमति र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सम्झौता बमोजिम सम्पादन गर्ने अन्य कार्यहरू।

(५) नगरपालिकाले यस दफा बमोजिमका कार्यसम्पादन गर्दा गराउँदा श्री ५ को सरकारका सम्बन्धित निकायसित समन्वय कायम गर्नु पर्नेछ।

१६. सल्लाहकार समिति र वडा समिति गठन : (१) नगरपालिकाको आफ्नो काम कर्तव्य सुचारू रूपले सञ्चालन गर्न उपभोक्ता समूहका प्रतिनिधि, गैर सरकारी संस्थाका प्रतिनिधि, नगरपालिकामा प्रतिनिधित्व हुन नसकेका महिला बुद्धिजीवि, समाजसेवी र पिछडिएको वर्गबाट भरसक सबै पक्ष मिलाई नगरपालिकाको उपप्रमुखको परामर्शमा बढीमा एघार जना सम्मको एक सल्लाहकार समिति प्रमुखले गठन गर्नेछ।

(२) प्रत्येक वडामा नगरपालिकाको सदस्यको अध्यक्षतामा निजकै सिफारिश बमोजिम सम्बन्धित वडाका मतदाताहरू मध्येबाट विभिन्न भेगको प्रतिनिधित्व हुने गरी अध्यक्ष सहितको जम्मा पाँचजनाको वडा समिति नगरपालिकाले गठन गर्नेछ।

(३) उपदफा (१) र (२) बमोजिम गठन भएको सल्लाहकार समिति र वडा समितिका सबै सदस्यहरू समावेश भएको संयुक्त बैठकले नगरपालिका सल्लाहकार सभाको रूपमा काम गर्नेछ।

(४) उपदफा (३) बमोजिम गठित सल्लाहकार सभाको बैठक प्रत्येक वर्षको पौष मसान्तभित्र दुई पटक प्रमुखले बोलाउनेछ र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सभाको सभापतित्व प्रमुखले र निजको अनुपस्थितिमा उपप्रमुखले गर्नेछ।

(५) उपदफा (४) बमोजिमको बैठकमा बजेट र कार्यक्रम छलफल गराई सभाको राय परामर्श लिइनेछ र त्यसलाई अन्तिम रूप दिने काम नगरपालिकाले गर्नेछ।

१७. प्रमुखको काम, कर्तव्य र अधिकार : प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ -

(क) नगरपालिकाको बैठक बोलाउने,

(ख) आवश्यक प्रस्ताव र कागजात पेश गर्ने, गराउने,

(ग) मत बराबर भएमा निर्णायक मतको प्रयोग गर्ने,

(घ) नगरपालिकाको आम्दानी, खर्चको हिसाब र अन्य कागजपत्र सुरक्षित राख्ने, राख्न लगाउने,

(ङ) नगरपालिकाको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(च) नगरपालिकाको कर्मचारीहरूको रेखदेख गर्ने, गराउने,

(छ) आवश्यक सिफारिश गर्ने,

(ज) नगरपालिकाको चल अचल सम्पत्ति हेर विचार गर्ने, गराउने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) नगरपालिका क्षेत्र भित्र बन्ने घरको नक्सा पास गर्ने,

(ञ) उप-प्रमुख, सदस्य तथा सचिवलाई काज खटाउने,

(ट) आफू अनुपस्थित रहने भएमा उप-प्रमुखलाई र उप-प्रमुख पनि नभएमा कुनै सदस्यलाई कार्यभार दिने,

(ठ) तोकिएको अन्य कार्य गर्ने।

१८. उप-प्रमुखको काम, कर्तव्य र अधिकार उप-प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रमुखको अनुपस्थितिमा कार्यबाहक भई कार्य गर्ने।

(ख) तोकिएको अन्य कार्य गर्ने।

१९. सदस्यको काम, कर्तव्य र अधिकार : (१) सदस्यको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ

क) आफ्नो क्षेत्रमा विकास निर्माण कार्यको लागि गैर सरकारी संस्था गठन गर्न प्रोत्साहन गर्ने,

(ख) उपभोक्ता समूह र गैर सरकारी संस्थालाई योजना छनौट र योजना तर्जुमामा सहयोग गर्ने,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ग) विकास निर्माण कार्य बारेमा छलफल गरी गैर सरकारी संस्थाबाट संभाव्य आयोजना नगरपालिकामा पठाउन प्रबन्ध गर्ने,

(घ) वडा सम्बन्धी विवरण माग भएमा नगरपालिकामा पेश गर्ने,

(ङ) आवश्यक सिफारिश गर्ने,

(च) आपूर्ति व्यवस्था मिलाउन सहयोग गर्ने,

(छ) तोकिएको अन्य काम गर्ने।

(२) वडा समितिका सदस्यहरुले नगरपालिकाको सदस्यको कार्य सम्पादनमा सहयोग गर्नु पर्नेछ।

२०. <u>सचिवको काम, कर्तव्य र अधिकार</u> : सचिवको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) प्रमुखको रेखदेखमा रही नगरपालिकाको सम्पूर्ण प्रशासनिक काम कारवाही गर्ने,

(ख) स्वीकृत नगर विकास कार्यक्रम प्रमुखको निर्देशनमा रही कार्यान्वयन गर्ने,

(ग) नगरपालिका अन्तर्गत निर्माण हुने खर्चको हिसाब राखी सो निर्माणको हिसाब फर फारक गर्न पेश गर्ने,

(घ) गैर सरकारी संस्था उपभोक्ता समूह वा अन्य निकायबाट सम्पन्न आयोजनाको अभिलेख दुरूस्त राख्ने,

(ङ) नगरपालिकाको आय व्ययको हिसाब राख्ने,

(च) नगरपालिकाले पारित गरेको बजेट भित्र रही निर्णय कार्यान्वयन गर्नको लागि खर्च गर्ने,

(छ) नगरपालिकाको हिसाब किताबको लेखा-परीक्षण गराउने, बेरूजू फछ्र्यौट गराउने र बेरूजू रकम असूल उपर गर्नु पर्ने भए स्थानीय विकास अधिकारी मार्फत प्रमुख जिल्ला अधिकारीकहां पठाउने,

(ज) नगरपालिकाको चल अचल सम्पत्तिको जिन्सी लगत राख्ने र संरक्षण गर्ने,

(झ) श्री ५ को सरकारबाट खटी आएका र नगरपालिकाका सम्पूर्ण कर्मचारीहरूको रेखदेख र नियन्त्रण गर्ने,

(ञ) नगरपालिकाको बैठकमा उपस्थित हुने र आवश्यक परेको काम गर्ने, गराउने,

(ट) नगरपालिकामा परेका उजूरीहरूमा प्रचलित कानूनको अधीनमा रही छानबीन गरी सो को प्रतिवेदन नगरपालिकामा पेश गर्ने,

(ठ) जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गरी नगरपालिका क्षेत्र भित्रको जनसंख्याको लगत दुरूस्त राख्ने,


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ङ) तोकिएको अन्य काम गर्ने।

## परिच्छेद - ५
## योजना तर्जुमा र कार्यान्वयन प्रक्रिया

२१. नगर विकास योजनाको तर्जुमा : (१) प्रत्येक नगरपालिकाले आफ्नो नगरको विकासको लागि नगर विकास योजना तर्जुमा गर्नु पर्नेछ।

(२) नगर विकास योजनाको तर्जुमा गर्दा जनतालाई बढी भन्दा बढी फाइदा पु-याउने गरी देहाय बमोजिमको कार्यक्रमलाई प्राथमिकता दिनु पर्नेछ :-

(क) जनताको आम्दानी र रोजगार बढाउने तथा प्रत्यक्ष लाभ हुने कल्याणकारी कार्यक्रमहरू,

(ख) उत्पादन बढाउने कार्यक्रमहरू,

(ग) स्थानीय साधन तथा शीपबाट सञ्चालन हुन सक्ने कार्यक्रमहरू,

(घ) आफ्नो क्षेत्रका पिछडिएका वर्ग तथा महिला वर्ग र बालबालिकालाई प्रत्यक्ष लाभ हुने कार्यक्रमहरू।

(३) आगामी वर्ष सञ्चालन हुने योजना चालू वर्षमा देहाय बमोजिम तर्जुमा गरी सक्नु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) नगर स्तरमा उपलब्ध हुने साधन र श्रोतको अनुमान भाद्र मसान्तसम्म गरिसक्नु पर्नेछ।

(ख) आफ्ना क्षेत्रका गैर सरकारी संस्थाबाट आयोजनाहरू माग गरी संकलन गर्नु पर्नेछ।

(४) योजनाहरू आवधिक र वार्षिक गरी तर्जुमा गर्नु पर्नेछ।

२२. <u>आयोजनाको सम्भाव्यता अध्ययन गर्नु पर्ने</u> : नगरपालिकाहरूले नगर विकास योजना कार्यान्वयन गर्ने क्रममा देहाय बमोजिमका कुराहरू समेत खुलाई आयोजनाको सम्भाव्यता अध्ययन गर्नु गराउनु पर्नेछ :-

(क) आयोजनाको लक्ष्य,

(ख) आयोजनाबाट फाइदा पाउने जनताको संख्या र फाइदाको किसिम,

(ग) छनोट गर्न लागिएको आयोजना सो नगरमा पहिले सञ्चालन भई अधुरो रहेको हो, होइन,

(घ) उक्त आयोजना सञ्चालन नगरी अन्य कुनै उपायबाट समस्या समाधान हुन्छ, हुँदैन,

(ङ) आयोजना सम्पन्न गर्दा लाग्न सक्ने खर्च तथा सामग्री मूल्यको अनुमान,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) उपभोक्ताहरूबाट प्राप्त हुन सक्ने नगद, बस्तुगत श्रम र त्यस्तै अन्य योगदान,

(छ) उपभोक्ताबाट पछि उठ्न सक्ने शुल्क वा मर्मत सम्भार खर्च, र

(ज) अन्य खुलाउनु पर्ने कुनै कुरा भए सो।

२३. <u>आयोजनाको छनौट</u> : (१) आयोजनाको छनौट गर्दा दफा २२ बमोजिमको आयोजनाको सम्भाव्यता अध्ययन प्रतिवेदनको आधारमा छनौट गर्नु पर्नेछ।

(२) आयोजना छनौट गर्दा वातावरण संरक्षण तथा सम्बर्धन गर्ने किसिमले आयोजनाको छनौट गर्नु पर्नेछ।

(३) आयोजना छनौट गर्दा बढी से बढी स्थानीय जनसहभागिता र श्रम आवश्यक पर्ने आयोजनाहरू छनौट गर्नु पर्नेछ।

(४) जिल्ला विकास समितिबाट प्राप्त हुन सक्ने अनुदानको अनुमान प्राप्त भए पछि प्राथमिकताको आधारमा आयोजना छनौट गर्नु पर्नेछ।

(५) छनौट भएका आयोजनाहरूको जानकारी नगरवासीहरूलाई गराउनु पर्नेछ।

२४. <u>नगरस्तरीय योजनाको सञ्चालन</u> : (१) नगरस्तरीय योजनाहरू देहाय बमोजिम सञ्चालन हुनेछन् :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।



9293

(क) नगरपालिकाको आफ्नै श्रोतबाट,

(ख) श्री ५ को सरकारबाट प्राप्त अनुदान,

(ग) जिल्ला विकास समितिबाट प्राप्त अनुदान,

(घ) गैर सरकारी संस्थाबाट।

(२) नगरपालिकाले आयोजना छनौट गरेपछि सञ्चालन तालिका बनाई कार्यान्वयन गर्नु गराउनु पर्नेछ।

(३) गैर सरकारी संस्थाबाट संचालन हुने कार्यक्रम नगरपालिकासित सम्झौता गरी सञ्चालन गराउनु पर्नेछ।

(४) जिल्ला विकास योजनामा समावेश गर्ने आयोजनाहरू नगरपालिकाले पारित गरी जिल्ला विकास समितिमा पठाउनु पर्नेछ।

(५) जिल्ला विकास अनुदानबाट सञ्चालित आयोजना जिल्ला विकास बजेट पारित भएपछि सञ्चालन हुनेछन।

(६) नगरपालिकाले सञ्चालन गर्ने कार्यक्रममा गैर सरकारी संस्थाहरूको लगानी समेत रहने अवस्थामा सोही संस्थाले आयोजना सञ्चालन गर्न सक्नेछ।

२५. आयोजनाको वर्गीकरण : आयोजनालाई देहाय बमोजिम वर्गीकरण गर्नु पर्नेछ :-

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) स्थानीय श्रोतबाट सञ्चालन हुने आयोजना,

(ख) श्री ५ को सरकार वा जिल्ला विकास समितिको अनुदान र श्रोत साधन समेत समावेश भएको आयोजना,

(ग) गैर सरकारी संस्थाबाट संचालन हुने आयोजना,

(घ) जिल्लास्तरीय योजनामा समावेश हुने गरी छानिएका आयोजना।

२६. निर्देशन पालन गर्नु पर्ने : नगरपालिकाले नगर विकास योजना तर्जुमा र सञ्चालन गर्ने सम्बन्धमा राष्ट्रिय योजना आयोग, श्री ५ को सरकार र जिल्ला विकास समितिले समय समयमा दिएको निर्देशन पालन गर्नु पर्नेछ।

२७. गैर सरकारी संस्थालाई प्रोत्साहित गर्नु पर्ने : (१) प्रत्येक नगरपालिकाको क्षेत्र भित्र नगर विकास कार्यक्रमको पहिचान, तर्जुमा, सञ्चालन, रेखदेख मूल्यांकन तथा मर्मत सम्भार गर्ने कार्यको लागि नगरपालिकाले गैर सरकारी संस्थाहरूलाई प्रोत्साहित गर्नु पर्नेछ।

(२) गैर सरकारी संस्थाबाट सञ्चालन हुने आयोजनाहरू आफ्नै श्रोत र नगरपालिकाबाट प्राप्त श्रोतबाट सञ्चालन हुनेछन्।

(३) सम्बन्धित संस्थाले आयोजना सम्बन्धी पूर्ण विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभाग  प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९२९२

(४) गैर सरकारी संस्थाले आयोजना सञ्चालन गर्दा नगरपालिकासंग समन्वय राखी गर्नु पर्नेछ।

(५) नगरपालिकाले गैर सरकारी संस्था मार्फत योजनाहरू कार्यान्वयन र सञ्चालन गर्न सक्नेछ।

## परिच्छेद - ६
## आयोजना जाँचपास र फरफारक

२८. जाँचपास तथा फरफारक : (१) आयोजना सम्पन्न भएपछि जाँचपास र फरफारक गर्नु गराउनु पर्नेछ।

(२) आयोजना सञ्चालन गर्ने निकायबाट आयोजना सम्पन्न भएको जानकारी नगरपालिकामा प्राप्त भएपछि प्राविधिकले पेश गरेको कार्यसम्पन्न प्रतिवेदन र मूल्यांकनको आधारमा नगरपालिकाले जाँचपास र फरफारक गर्नेछ।

२९. जाँचपास भएका आयोजनाको मर्मत सम्भार र व्यवस्थापन : (१) नगरपालिकाले आयोजना सम्पन्न भएपछि आयोजनाको मर्मत सम्भारकोलागि आयोजनाबाट सेवा प्राप्त गर्नेहरू मध्येबाट सेवा शुल्क संकलन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्कबाट उठेको रकमबाट आयोजनाको मर्मत सम्भार र व्यवस्थापन गर्नु पर्नेछ।

(३) यस्तो आम्दानी खर्चको विवरण नगरपालिकाले अद्यावधिक गरी राख्नु पर्नेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद - ७
## आर्थिक व्यवस्था

३०. नगरपालिकाको कोष : (१) नगरपालिकाको आफ्नो छुट्टै कोष हुनेछ।

(२)उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहनेछन्:-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदानको रकम,

(ख) कुनै व्यक्ति, संघ, संस्थाबाट प्राप्त दान, उपहार, चन्दा, सहयोग आदिको रकम,

(ग) चल अचल सम्पत्तिबाट प्राप्त हुने रकम,

(घ) कर, दस्तूर, फी, सेवा, शुल्क, महसूल, भाडा, भरोट आदिबाट प्राप्त रकम,

(ङ) ऋण लगानीबाट प्राप्त रकम,

(च) स्रोत परिचालन गरी प्राप्त हुने रकम,

(छ) दर्ता दस्तूर र दण्ड जरिवाना आदिको रकम,

(ज) पुराना मालसामान लिलाम बिक्रीबाट प्राप्त रकम,

(झ) ठेक्का पट्टाबाट प्राप्त रकम,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

(ञ) नगर क्षेत्रबाट प्राप्त भएको भूमि करको तोकिएको प्रतिशत रकम,

(ट) नगरपालिकालाई अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम,

(ठ) श्री ५ को सरकारले कार्यक्रम तोकेर दिएको रकम।

(३) नगरपालिकाको कोषमा जम्मा रहेको रकम कुनै बैंकमा राखिनेछ।

३१. नगरपालिकाको कोषको रकम खर्च गर्ने तरीका: (१) नगरपालिकाको कोषको सञ्चालन सचिव र लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ।

(२) प्रमुखले स्वीकृत बजेटको परिधिभित्र रही आर्थिक सहायतामा तोकिए बमोजिमको रकम खर्च गर्न सक्नेछ।

(३) सचिवले नगरपालिकाले पारित गरेको बजेटको अधीनमा रही नगरपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गर्न सक्नेछ।

(४) नगरपालिकाको कोषको रकम खर्च गर्दा नगरपालिकाले पारित गरेको बजेटको अधीनमा रही प्रचलित कानून बमोजिम खर्च गर्नु पर्नेछ।

(५) नगरपालिकाको कोषबाट खर्च गरेको रकमको फाँटवारी नगरपालिकाको बैठकमा पेश गर्नु पर्नेछ र नगरपालिकाले


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

आफ्नो आय व्ययको जानकारी सार्वजनिक रूपमा वडा वडामा गराउनु पर्नेछ।

(६) नगरपालिकाको प्रशासनिक खर्च तोकिए बमोजिम हुनेछ।

३२. <u>निर्माण, खरीद तथा अन्य ठेक्का पट्टा स्वीकृतिको व्यवस्था</u> : (१) नगरपालिकाले निर्माण कार्य गराउँदा देहाय बमोजिम गर्नु गराउनु पर्नेछ :-

(क) ठेक्का पट्टा तथा अन्य कारोबार प्रचलित कानून बमोजिम हुनेछ।

(ख) नगरस्तरीय योजनाको हिसाब किताब सम्बन्धित निकायहरूले राख्नु पर्नेछ।

(२) नगरपालिकाले आफै वा गैर सरकारी संस्था मार्फत विकास निर्माणका कार्यहरू तोकिए बमोजिम उपभोक्ता समूह, ठेक्का वा अमानतबाट गराउन सक्नेछ।

(३) नगरपालिकाबाट गरिने ठेक्का पट्टाको लिखतमा प्रमुख र सचिवको संयुक्त दस्तखत हुनु पर्नेछ।

३३. <u>रकमान्तरः</u> नगरपालिकाबाट स्वीकृत वार्षिक बजेटको शीर्षकको बीस प्रतिशतमा नबढाई प्रमुखले रकमान्तर गर्न सक्नेछ।

तर भैपरी आउने र आर्थिक सहायतामा भने रकमान्तर हुने छैन।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३४. <u>लिलाम बिक्री गर्दा स्वीकृति लिनु पर्ने</u> : नगरपालिकाको सरसामान वा सम्पत्ति लिलाम बिक्री गर्दा देहाय बमोजिम स्वीकृति लिनु पर्नेछ :-

(क) परल मोल दश हजारसम्मको वस्तु लिलाम गर्दा नगरपालिकाको प्रमुखको, र

(ख) सो भन्दा बढी मूल्यको वस्तु लिलाम गर्दा नगरपालिकाको।

३५. <u>नगरपालिकाको बजेट</u> : (१) सचिवले आर्थिक वर्ष शुरू हुनु भन्दा अगावै नगरपालिकाको आय व्ययको वार्षिक बजेट तयार गरी स्वीकृतिका लागि नगरपालिकामा पेश गर्नु पर्नेछ।

(२) वार्षिक बजेटमा गत आर्थिक वर्षको आय व्ययको यथार्थ विवरण, चालू आर्थिक वर्षको स्वीकृत बजेट बमोजिम भई सकेको आम्दानी खर्च र चालू आर्थिक वर्षको अन्त सम्ममा हुने सम्भावित आम्दानी खर्चको विवरण तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र अनुमानित आय व्ययको विवरण खुलाउनु पर्नेछ।

३६. <u>बजेटको बाँकी रकम</u> : एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको बजेटको रकम चालू वर्षमा अधुरा रहेका आयोजना र कार्यक्रम सञ्चालन गर्नको लागि आगामी आर्थिक वर्षको बजेटमा समावेश गर्नु पर्नेछ।

३७. <u>श्रेस्ता राख्ने</u> : नगरपालिकाले आम्दानीको प्रत्येक श्रेस्ता देखाई आफ्नो आय र खर्चको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

विवरणको श्रेस्ता श्री ५ को सरकारले अपनाएको तरीका बमोजिम राख्नु पर्नेछ।

३८. प्रशासनिक खर्चको हद : श्री ५ को सरकारले विशेष रूपले किटान गरी खर्च गर्न स्वीकृति दिएमा बाहेक श्री ५ को सरकारले दिएको अनुदान रकम तोकिए बमोजिमको प्रतिशत भन्दा बढ्ने गरी प्रशासनिक काममा खर्च गर्न पाइने छैन।

३९. सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा : सदस्यहरूको बैठक भत्ता र अन्य सुविधा तोकिए बमोजिम हुनेछ।

४०. नगरपालिकाको सम्पत्ति : (१) नगरपालिकाको क्षेत्र भित्रको देहायका सम्पत्ति उपर नगरपालिकाको पूरा हक हुनेछ र त्यस्तो सम्पत्तिको रेखदेख तथा प्रबन्ध नगरपालिकाले गर्नु पर्नेछ :-

(क) नगरपालिकाको कोषबाट बनेको, खरीद भएको वा श्री ५ को सरकार वा कुनै संस्था वा व्यक्तिले दिएको सम्पत्ति।

(ख) कुनै व्यक्ति विशेषको निजी हक नभएको र श्री ५ को सरकार वा जिल्ला विकास समितिको नियन्त्रणमा नरहेको सार्वजनिक ढल, नाला, पुल, पोखरी, देवालय, शिवालय, पाटी, पौवा, कूवा, धारा, इनार, गौचर, पानीघाट, निकास, चोक, गल्ली, सडक,

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

बाटो र सडकका दाँया बाँयाका रूख।

(ग) नगरपालिकाको स्वामित्वमा भएका घर, जग्गा, पार्क, उद्यान, बस पार्क आदि।

(घ) प्रचलित वन सम्बन्धी कानून वा सरकारी नीति अनुसार श्री ५ को सरकारले दिएको वन।

तर त्यस्तो वनको सम्बन्धमा प्रचलित वन ऐनद्वारा प्रदत्त अधिकार मात्र प्राप्त हुनेछ।

(२) उपदफा (१) बमोजिमको सम्पत्ति नगरपालिकाले श्री ५ को सरकारको स्वीकृति बिना बेच बिखन गर्न वा अरू कुनै व्यहोराले हकभोग छाड्न पाउने छैन। स्वीकृत बिना बेच बिखन गरेमा वा हक छोडी कसैलाई दिएमा जुनसुकै अवस्थामा पनि स्वतः बदर हुनेछ।

४१. लेखापरीक्षण : (१) नगरपालिकाको आय व्ययको आन्तरिक लेखापरीक्षण सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट हुनेछ।

(२) नगरपालिकाको आय व्ययको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट वा महालेखा परीक्षकको विभागको स्वीकृतिमा नगरपालिकाले दर्ता वाला लेखा-परीक्षकबाट लेखापरीक्षण गराउन सक्नेछ।

(३) अन्तिम लेखापरीक्षण हुँदा तयार गरिएको आर्थिक विवरण सहीतको अन्तिम


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

लेखापरीक्षण प्रतिवेदन प्रमुखले नगरपालिकामा पेश गर्नु पर्नेछ।

(४) प्रतिवेदनमा लेखिएका बेरूजू मध्ये नगरपालिकाले नियमित गर्नु पर्ने बेरूजू नगरपालिकाले नियमित गर्न सक्नेछ। नियमित गर्न नमिल्ने बेरूजूको सम्बन्धमा असूल फछ्र्यौट गर्न प्रचलित कानून बमोजिम आवश्यक कारवाही गरी सरकारी बाँकी सरह असूल उपर गर्नु गराउनु पर्नेछ।

## परिच्छेद - ८

## कर, शुल्क, सेवा शुल्क, दस्तुर र भाडा

४२. घर धुरी कर : (१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको प्रत्येक घर धुरीमा सो घरको आकार, प्रकार, बनौट र सो घरले चर्चेको हाता (कम्पाउण्ड) समेतको आधारमा तोकिए बमोजिम घर धुरी कर लगाउन सक्नेछ।

तर श्री ५ को सरकारले घर जग्गा कर ऐन, २०१९ अन्तर्गत उठाउन पाउने घर जग्गा कर नगरपालिकाले उठाउन पाउने गरी अधिकार सुम्पिएमा नगरपालिकाले यस दफा अन्तर्गत घर धुरी कर लगाउन र उठाउन पाउने छैन।

४३. बहाल कर : (१) नगर क्षेत्र भित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएकोमा नगरपालिकाले बहाल रकममा तोकिए बमोजिम बहाल कर असूर गर्न सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 9423

(२) नगरपालिकाले आफ्नो क्षेत्र भित्र आफूले निर्माण, रेखदेख वा सञ्चालन गरेको हाट बजार, सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउमा थाप्न दिएका अस्थायी पसलहरूमा तोकिए बमोजिम बहाल बिटौरी लगाउन सक्नेछ।

तर सार्वजनिक आवागमन र सर-सफाईमा बाधा पुग्ने गरी वा स्थायी पसल निर्माण गर्न दिन हुँदैन।

४४. <u>व्यवशाय कर</u> : नगरपालिकाले आफ्नो क्षेत्र भित्र तोकिएको व्यापार व्यवशाय वा पेशामा पूंजिगत लगानी र आर्थिक कारोबारको आधारमा तोकिए बमोजिम व्यवसाय कर लगाई असूल गर्न सक्नेछ।

४५. <u>सवारी कर</u> : नगरपालिकाले आफ्नो क्षेत्र भित्रका तोकिएको सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम पटके सवारी कर लगाउन सक्नेछ।

४६. <u>सवारी साधन पार्किङ्ग शुल्क</u> : नगरपालिकाले आफूले व्यवस्था गरेको सवारी पार्कमा पार्किङ्ग गरिएका सवारीमा तोकिए बमोजिम पार्किङ्ग शुल्क लगाउन सक्नेछ।

४७. <u>सेवा शुल्क</u> : (१) कुनै नगरपालिकाले खानेपानी, बिजुली, धारा, सार्वजनिक टेलिफोन र त्यस्तै अन्य सुविधा उपलब्ध गराए बापत सेवा शुल्क लगाउन सक्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) नगरपालिकाले नगर क्षेत्रमा सर-सफाई, ढल निकास आदि व्यवस्था गरी सेवा शुल्क लगाउन सक्नेछ।

(३) नगरपालिकाले बनाएका वा सञ्चालन गरेका शौचालय, पार्क, स्नानगृह, स्वीमिङ पुल, व्यायाम शाला, गेष्टहाउस, होष्टल, हाटबजार, पशु बधशाला, शव दाह व्यवस्था, धोबीघाट र त्यस्तै अन्य सुविधा उपलब्ध गराएमा सो उपभोग गर्ने व्यक्तिबाट सेवा शुल्क लिन सक्नेछ।

(४) नगरपालिकाले निर्माण गरेको सडक, ढल, पुल, पेटी, चोक, गल्ली, नाली, बत्ती आदि मर्मत सुधार गर्न लाग्ने खर्च निर्धारण गरी सम्बन्धित उपभोक्ताहरूबाट वार्षिक रूपमा असूल गर्न सक्नेछ।

(५) नगरपालिकाले कसैको अचल सम्पत्ति मूल्यांकन गर्दा तोकिए बमोजिमको सेवा शुल्क लिन सक्नेछ।

४८. <u>चुंगी कर लगाउने</u> : (१) निजी दैनिक उपभोगको लागि बाहेक व्यापारिक व्यवसायिक वा औद्योगिक प्रयोजनको लागि नगरपालिका क्षेत्र भित्र खपत वा बिक्री गर्न व्यापारिक परिमाणमा कसैले कुनै माल आयात गरेमा वा ल्याएमा सो मालको मोलमा सयकडा एक रूपैयाँका दरले नगरपालिकाले चुंगी कर लगाउन सक्नेछ।

(२) चुंगी कर लगाउने प्रयोजनका लागि देहाय बमोजिम मूल्य कायम गरिनेछः-


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(क) विदेशबाट पैठारी भएको भन्सार लाग्ने माल भए भन्सार महसूल निर्धारण गर्नको लागि कायम भएको मूल्य र त्यसमा लागेको भन्सार महसूल तथा बिक्री कर समेत जोडी कायम भएको मूल्य,

(ख) नेपालमा उत्पादन भएको माल भए अन्तःशुल्क वा बिक्री कर समेत निर्धारण गर्नको लागि कायम भएको मूल्य र त्यसमा लागेको अन्तःशुल्क तथा बिक्री कर समेत जोडी कायम भएको मूल्य,

(ग) कुनै बिल बिजक नभएमा वा भए पनि शंकास्पद देखिएको अवस्थामा र नेपालमा उत्पादन हुने भन्सार तथा बिक्री कर नलागेका वस्तुहरू भएमा प्रमुखको अध्यक्षतामा जिल्ला प्रशासन कार्यालयको प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघको प्रतिनिधि र सचिव भएको मूल्य निर्धारण समितिले प्रचलित बजार भाउको आधारमा निर्धारण गरेको मूल्य।

(३) कुनै पनि चुंगी कर लाग्ने मालको चुंगी कर त्यस्तो माल सामान नगरपालिका क्षेत्रमा प्रवेश गर्दा लिइनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उपदफा (१) र (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिका क्षेत्र बाहिर नलगेसम्मको लागि चुंगी कर धरौटी लिन सक्नेछ। त्यस्तो धरौटी बाध्यात्मक अवस्था परेकोमा बाहेक मालको प्याकिङ नफोडी ७२ घण्टा भित्र नगरपालिका क्षेत्र बाहिर लगी निकासी चौकीबाट निकासी निस्सा लिई धरौटी रकम फिर्ता लिन पाउनेछ। त्यस्तो धरौटी रकम सम्बन्धित चौकी वा कार्यालयले तुरन्त फिर्ता दिनु पर्नेछ।

तर नगरपालिकाले तोकी दिएको गोदाममा राखिएको मालको हकमा ७२ घण्टा भित्र बाहिर लग्नु पर्ने अवस्था लागू हुने छैन।

(५) चुंगी कर लगाई सकेपछि सो मालमा नगरपालिकाले अन्य कर, दस्तुर वा शुल्क लगाउन पाउने छैन।

(६) एक अर्काबाट नजिक पर्ने दुई वा सो भन्दा बढी नगरपालिकाहरुले आपसी सम्झौता गरी यस दफा बमोजिम आ-आफूले उठाएको चुंगी कर रकम सम्झौता बमोजिम भाग बण्डा लगाई लिन सक्नेछन् र सम्झौता नभएकोमा श्री ५ को सरकारले उपयुक्त सम्झेमा त्यस्ता नगरपालिकाहरुले उठाएको चुंगी कर रकम तोकिएको आधारमा भाग बण्डा लगाई दिन सक्नेछ।

४९. <u>चुंगी कर नलाग्ने</u> : दफा ४८ मा जुनसुकै कुरा लेखिएको भए तापनि दैनिक उपभोगको लागि ल्याइने खाद्यान्न, आधारभूत आवश्यकताका वस्तुहरु उत्पादन गर्ने भनी श्री ५ को सरकारले तोकेको उद्योगमा प्रयोग हुने कच्चा



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रति ९२२६ मात्र लागु हुनेछ।

पदार्थ र प्लान्ट मेशीनरी इक्वीपमेण्टमा चुंगी कर लाग्ने छैन।

५०. कर, दस्तुर शुल्क, महसुल आदि छुट : (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि श्री ५ को सरकार, वैदेशिक कुटनैतिक नियोग वा एजेन्सी तथा लाभको उद्देश्य नराखि सञ्चालन हुने संघ संस्थालाई नगरपालिकाले सेवा उपलब्ध गराए वापत लाग्ने सेवा शुल्क बाहेक अन्य कर, दस्तुर, शुल्क महसूल लगाउन पाउने छैन।

तर त्यस्तो छूट श्री ५ को सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्थान वा संघ संस्थाको व्यापारिक कारोवारलाई प्राप्त हुने छैन।

(२) विदेशी ऋण वा सहायताबाट सञ्चालित परियोजनाको लागि श्री ५ को सरकार वा कुनै विकास समितिले पैठारी गरेको माल सामानमा नगरपालिकाले कुनै कर, दस्तुर, शुल्क, महसूल लगाउन पाउने छैन।

(३) अन्य प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएता पनि चुंगी कर असूल गर्ने प्रयोजनको लागि यस ऐनमा लेखिए बमोजिम हुनेछ।

५१. ऐन नियम विपरीत कर, दस्तुर, शुल्क वा महसुल लिन नपाउने : नगरपालिकाले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरू विपरीत कुनै पनि प्रकारको कर, दस्तुर, शुल्क वा महसूल उठाउन पाउने छैन र उठाएमा श्री ५ को सरकारले सो कार्यलाई रोक्न र त्यसरी उठाएको कर दस्तूर, शुल्क वा महसूलको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

रकम सम्बन्धित व्यक्तिलाई फिर्ता बुझाउने आदेश दिन सक्नेछ।

५२. सापटी कर्जा लिने अधिकार : नगरपालिकाले आफ्नो कुनै सम्पत्तिलाई धितो राखी वा नराखी कर्जा लिन सक्नेछ।

५३. कर पुनरावलोकन समिति : (१) नगरपालिकाले यस ऐन बमोजिम उठाउन पाउने करको दर बारे पुनरावलोकन गरी प्रतिवेदन पेश गर्न श्री ५ को सरकारले कर पुनरावलोकन समिति गठन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम गठित समितिमा देहाय बमोजिमका सदस्य रहनेछन्:-

(क) प्रतिनिधि, स्थानीय विकास मन्त्रालय - अध्यक्ष

(ख) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, आपूर्ति मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, उद्योग मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, वाणिज्य मन्त्रालय सदस्य

(च) प्रतिनिधि, भूमिसुधार मन्त्रालय - सदस्य

(छ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य संघ - सदस्य

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ज) स्थानीय विकास मन्त्रालयले तोकेको अधिकृत - सदस्य सचिव

(३) कर पुनरावलोकन समितिले आफ्नो कार्यविधि आफैले निर्धारण गर्नेछ।

## परिच्छेद - ९
## नक्सा पास सम्बन्धी व्यवस्था

५४. नक्सापास गर्नु पर्ने : (१) नगरपालिका क्षेत्र भित्र नयाँ घर बनाउन, पुरानो भत्काई पुनः निर्माण गर्न, नयाँ तल्ला थप गर्न, मोहडा फेर्न वा साविकमा थपघट गरी झ्याल, ढोका, बार्दली, कौशी, दलान, टहरा, तबेला वा ग्यारेज बनाउन वा कम्पाउण्ड वाल लगाउन चाहने व्यक्तिले नगरपालिकाबाट नक्सा पास गराउनु पर्नेछ।

तर साविकै रूप कायम राखी पुरानो घरको कुनै भाग मर्मत गर्नु परेमा वा छानामा उपयोग गरिएका कुनै चिज हेरफेर गर्नु पर्ने भएमा नगरपालिकाबाट स्वीकृति मात्र लिए पुग्नेछ, नक्सा पास गराउनु पर्ने छैन।

(२) उपदफा (१) बमोजिम नक्सा पास गराउन चाहने व्यक्तिले घरको नक्सा साथ नगरपालिकाले तोकेको ढाँचामा नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ। त्यस्तो नक्सामा स्पष्ट रूपमा देखिने गरी चर्पी, सकपीट समेतको व्यवस्था हुनु पर्नेछ।

आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) अरूको घरसंग जोडी नयाँ घर बनाउने गरी पेश भएका नक्सामा सो घरको छुट्टै किलासको नक्सा समेत देखाएको हुनु पर्नेछ र सो नक्सा पास भएपछि सोही बमोजिम किलास राख्नु पर्नेछ।

५५. निस्सा दाखिला गर्ने : घर बनाउन चाहनेले दफा ५४ बमोजिमको नक्सा पास गर्न पेश गर्ने कागजहरूमा हकभोगको प्रमाण वा सो नभए हक भोग हुने व्यक्तिको मञ्जुरीनामा पेश गर्नु पर्नेछ।

५६. संधियार बुझी सर्जमिन गर्ने : (१) नक्सा पास गरी पाउन दफा ५४ बमोजिम रीतपूर्वकको दरखास्त परेपछि सो नक्सा बमोजिम बनाइने घरको संधियार कसैलाई पिर मर्का पर्ने भए आफूलाई मर्का परेको विवरण खोलि पन्ध्र दिन भित्र उजूर गर्न आउनु भनी दरखास्त परेको सात दिन भित्र संधियारको घर दैलोमा, घर बनाउने जग्गामा र नगरपालिकामा सबैले देख्ने गरी सूचना टाँस गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचनाको म्याद नाघेको तीन दिन भित्र नगरपालिकाले प्राविधिक र प्रशासनिक कर्मचारी समेत संयुक्त रूपमा खटाई उक्त जग्गामा नक्सा बमोजिमको घर बनाउन मिल्ने नमिल्ने कुराको प्राविधिक जाँच गर्न लगाउनु पर्नेछ।

(३) उपदफा (२) अन्तर्गत खटिएका कर्मचारीले नक्सा बमोजिम जग्गामा घर बनाउन मिल्ने नमिल्ने कुराको जाँचबुझ गर्ने सन्दर्भमा सरजमिन गर्दा सरजमिनमा उपस्थित भएका कुनै व्यक्तिले भनेका कुराहरू समेत


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिमा मात्र लागु हुनेछ।

खुलाई सरजमिन मुचुल्का तयार गरी सो जग्गामा घर बनाउन मिल्ने नमिल्ने व्यहोरा समेत खुलाई नगरपालिका समक्ष प्रतिवेदन पेश गर्नु पर्नेछ।

५७. <u>नक्सा पास गर्ने</u> : (१) दफा ५६ को उपदफा (३) बमोजिमको प्रतिवेदन प्राप्त भएपछि सोही दफाको उपदफा (१) बमोजिम उजूर नपरेकोमा सो प्रतिवेदन प्राप्त भएको मितिले सात दिन भित्र प्रमुखले नक्सापास गरी दिनु पर्नेछ।

(२) दफा ५६ को उपदफा (१) बमोजिम उजूर परेकोमा दुबै पक्षलाई बोलाई तथ्य कुरा पत्ता लगाई हक बेहकमा निर्णय दिनु पर्ने अवस्थामा बाहेक नक्सा पास गर्न मुनासिब भए प्रतिवेदन प्राप्त भएको एक महिना भित्र प्रमुखले नक्सा पास गरी दिन सक्नेछ। नक्सा पास गर्दा नगरपालिकाले तोकिए बमोजिम दस्तुर लिन सक्नेछ।

(३) दफा ५६ को उपदफा (१) बमोजिम परेका उजूरीबाट घर बनाउने जग्गामा तेरो मेरो परी हक बेहक छुट्याउनु पर्ने देखिन आएमा पैंतीस दिन भित्र अदालतमा उजूर गर्न जानु भनी पर्चा खडा गरी सम्बन्धित व्यक्तिहरूलाई सुनाउनु पर्नेछ।

तर त्यस्तो जग्गा मध्ये केही भागमा मात्र विवाद परेको र त्यस्तो विवाद परे जतिको हकमा अदालतबाट ठहर बमोजिम हुने गरी बाँकी अरू जग्गामा घर बनाउन मञ्जूर गरी नक्सा समेत पेश गरेमा प्रमुखले नक्सा पास गरिदिन सक्नेछ।



आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) प्रमुखले म्याद भित्र नक्सा पास गरी नदिएमा वा बेहिसाबसित नक्सा पास गरिदिएमा सो भएको मितिले पैंतीस दिन भित्र नगरपालिका समक्ष उजूर दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम प्राप्त उजूरीमा नगरपालिकाले तथ्य कुरा बुझी नक्सा पास गरिदिनु पर्ने ठह-याएमा प्रमुखलाई नक्सा पास गरिदिनको लागि निर्देशन दिन सक्नेछ।

५८. विशेष किसिमको नक्सा पास गर्न सक्ने: प्रमुखले कुनै घर बनाउने नक्सा पास गर्दा शहरको भौतिक योजना बमोजिम विशेष डिजाइन प्रदान गर्न र प्रचलित कानून बमोजिम निर्धारित मापदण्डलाई कायम राख्ने गरी विशेष किसिमको नक्सा पास गर्न सक्नेछ।

५९. नक्सा पास भएपछि अदल बदल गर्ने : यस ऐन बमोजिम पास भएको नक्सामा केही अदल बदल गरी बनाउनु पर्ने हुन आएमा, तल्ला थप्ने, मोहडा बदल्ने वा लम्बाई चौडाई बढाउने कुरा बाहेक अन्य कुरा गर्नको लागि प्रमुखले मुनासिब ठह-याई अनुमति दिन सक्नेछ।

६०. घर बनाउनु पर्ने अवधि : (१) यस ऐन बमोजिमको कुनै घर बनाउने नक्सा पास भएकोमा सो नक्सा पास भएको मितिले दुई वर्ष भित्र सो घर बनाई सक्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको म्याद भित्र घर बनाउन नसकेमा म्याद थपको लागि नगरपालिका समक्ष दरखास्त दिनु पर्नेछ। यसरी म्याद थपको लागि दरखास्त परेमा


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

पहिले लागेको दस्तूरको पाँच प्रतिशत थप दस्तूर लिई प्रमुखले दुई वर्षको लागि घर बनाउने म्याद थप गरिदिन सक्नेछ।

६१. सार्वजनिक जग्गा मिची गरेको निर्माण भत्काउने : नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गा, बाटो, मन्दिर, ढल, नाला, चोक, पोखरी मिची कसैले घर, कम्पाउण्ड, टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेमा त्यस्तो निर्माण कार्य रोक्न वा भत्काउन प्रमुखले आदेश दिनु पर्नेछ। यसरी प्रमुखले दिएको आदेश कार्यान्वयन गर्ने सन्दर्भमा स्थानीय प्रशासनले नगपालिकालाई आवश्यक सहयोग पु-याउनु पर्नेछ।

६२. जाँचबुझ र कारवाही गर्ने : (१) कुनै घर यस ऐन बमोजिम पास भएको नक्सा बमोजिम बनेको छ छैन भन्ने कुराको जाँचबुझ गर्न प्रमुखले नगपालिकाको कुनै सदस्य, सचिव, इञ्जिनियर, ओभरसियर वा कर्मचारी खटाउन सक्नेछ।

(२) कसैले यस ऐन बमोजिम नक्सा पास नगराई वा पास भएको नक्सामा अनुमति बेगर अदल बदल गरी घर बनाएको वा बनाई रहेको ठहरेमा सो घर वा सो घरको कुनै भाग प्रमुखले आवश्यक सम्झेमा भत्काउन आदेश दिन सक्नेछ।

(३) उपदफा (२) अन्तर्गगत प्रमुखले कुनै घर वा घरको भाग भत्काउन आदेश दिएकोमा सो आदेश उपर पैंतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन लाग्नेछ।


आधिकारिक मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। ९५३४

## परिच्छेद - १०
## महानगरपालिका सम्बन्धी विशेष व्यवस्था

६३. **महानगरपालिकाले गर्नु पर्ने विशेष कार्यहरू :** (१) श्री ५ को सरकारले यस ऐन बमोजिम महानगरपालिका भनी कुनै नगरपालिकालाई तोकी दिएमा त्यस्तो महानगरपालिकाले अन्य नगरपालिकाहरूले गर्नु पर्ने भनी तोकेका कार्यहरूका अतिरिक्त देहाय बमोजिमका कार्यहरू समेत गर्नु पर्नेछ :-

(क) नगर क्षेत्रलाई आवश्यकता अनुसार सेवा क्षेत्रमा विभाजन गरी विकास कार्यहरू सञ्चालन गर्ने,

(ख) नगर विकासको क्रममा सरकारी तथा गैरसरकारी निकायहरूसंग समन्वय राखी नगर विकास र विस्तार कार्यक्रम सञ्चालन गर्ने,

(ग) आफ्नो क्षेत्रको भू-उपभोग नीति तर्जुमा गरी कार्यान्वयन गराउने,

(घ) माध्यामिक स्तरसम्म शिक्षाको व्यवस्था मिलाउने,

(ङ) नगरमा भएका सडकको स्तर तोकी अन्तर नगर यातायातको व्यवस्था निकायगत समन्वय राखी वा आफ्नै तर्फबाट मिलाउने,



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(च) फोहर मैला व्यवस्थापन तथा ढल निकासको कार्य सञ्चालन गर्ने.

(छ) वातावरणीय प्रदुषण तुल्याउने गरी फोहर, मैला, धुवाँ आदि उत्पादन गर्ने पसल, होटेल, उद्योग आदिको लगत गरी, प्रदूषण रोक्ने उपाय अपनाउन निर्देशन दिने.

(ज) बाल, बृद्ध, अनाथ आश्रमहरूको व्यवस्था गरी शहरमा त्यस्ता व्यक्तिहरूको संख्यामा नियन्त्रण राख्ने.

(झ) नगर भित्र चल्ने यातायातका साधनहरू पार्किङ गर्ने स्थान तोकिदिने व्यवस्था मिलाउने.

(ञ) नगर भित्रको अव्यवस्थित बसोबास नियन्त्रण गर्न आफै वा अन्य निकायसंग समन्वय गरी आवास गृहहरु बनाई भाडामा दिई बसोबासको प्रबन्ध मिलाउने.

(ट) सार्वजनिक स्थान ओगटी गरिने व्यापार व्यवसाय रोक्न त्यस्ता व्यवसाय गर्ने स्थान तोकी आवश्यक व्यवस्था मिलाई दिने.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ठ) नगरको महत्व र गौरव बढाई ख्याति कायम गर्न, ऐतिहासिक, धार्मिक स्थलहरुको संरक्षण सम्बर्द्धन गर्ने गराउने,

(ड) नगरमा मनोरञ्जन स्थल, कृडा स्थल, संग्राहालय, चिडियाखाना, पार्क, पुस्तकालय आदिको व्यवस्था मिलाउने,

(ढ) नगरमा उपयुक्त सडक, ओभरहेड बृज सब-वे आदिको व्यवस्था मिलाउने,

(ण) सम्बन्धित निकायहरुसंगको सहयोग र समन्वय लिई नगरमा स्वच्छ पानी र विद्युत आपूर्तिको अटुट व्यवस्था मिलाउने र सञ्चार सुविधा उपलब्ध गराउने,

(त) नगरवासीहरुलाई प्राथमिक स्वास्थ्य सेवा उपलब्ध गराउने,

(थ) निकायगत समन्वय गरी वा आफ्नै तर्फबाट पनि पर्याप्त एम्बुलेन्स सेवा उपलब्ध गराउने,

(द) मसानघाट र मूर्दा जलाउने व्यवस्था मिलाई मूर्दा बोक्ने सवारी साधनको व्यवस्था मिलाउने,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागू हुनेछ।

कानूनले अनुमति दिन पाउने व्यक्तिको इजाजत नलिई हटाएमा, हेरफेर वा हिनामिना गरेमा वा नोक्सान गरेमा वा गर्न लगाएमा नगरपालिकाले त्यस्तो हानी नोक्सानी सो व्यक्तिबाट असूल उपर गरी लिन वा उसैलाई साविक बमोजिम तयार गर्न लगाउन सक्नेछ र एक हजार रूपैयाँसम्म जरिवाना समेत गर्न सक्नेछ।

(४) नगरपालिका क्षेत्र भित्र निर्दिष्ट स्थानमा फोहर मैला नफाली जताततै फालेमा नगरपालिकाले एक सय रूपैयाँदेखि पन्ध्र सय रूपैयाँसम्म जरिवाना गर्न र त्यस्ता फोहर मैला हटाउन लाग्ने खर्च त्यस्ता व्यक्तिबाट असूल गरी लिन सक्नेछ।

(५) नगरपालिकाको इजाजत बेगर कुनै व्यक्तिगत कामको लागि कसैले सडक, फुटपाथ वा गल्ली वा कुनै सार्वजनिक स्थान घेर्न वा रोक्ने कार्य गरेमा घेरा, बार र अवरोधका सामान समेत हटाउन लगाई एक सयदेखि पाँच सय रूपैयाँसम्म जरिवाना समेत गर्न सक्नेछ।

(६) कुनै छर छिमेकीको घर, आँगन, चोकमा फोहर फालेमा वा दुर्गन्धित पारेमा नगरपालिकाले उपदफा (४) बमोजिम जरिवाना गरी फोहर उठाउन लगाउन सक्नेछ।

(७) कसैले अरू कुनै व्यक्तिको घर कम्पाउण्डलाई खतरा पुग्ने गरी वृक्षहरू लगाएमा नगरपालिकाले त्यस्तो हटाउन आदेश दिन सक्नेछ र सो आदेश बमोजिम नहटाएमा नगरपालिकाले मानिस पठाई सो हटाउन


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

सक्नेछ। यसरी वृक्ष हटाउन लागेको खर्च सम्बन्धित घर धनीबाट असूल गरिनेछ।

(८) नगरपालिकाले भत्काउने, हटाउने आदेश दिएको नमानेमा प्रमुखले भत्काउन, हटाउन लगाई लागेको खर्च त्यस्तो व्यक्तिबाट असूल गर्नेछ।

## परिच्छेद - १२
## उजूरी र तत्सम्बन्धी विषय

६५. उजूरी : (१) सदस्य वा नगरपालिकाको कुनै कर्मचारीले दिएको आदेश वा अह्राएको काम उपर चित्त नबुझ्ने व्यक्तिले यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक पैंतीस दिन भित्र प्रमुख समक्ष उजूर गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै उजूर परेमा त्यस्तो उजूर परेको नब्बे दिन भित्र प्रमुखले निर्णय गरी दिनु पर्नेछ। उक्त म्याद भित्र प्रमुखले निर्णय नगरेमा सम्बन्धित व्यक्तिले श्री ५ को सरकार समक्ष उजूर गर्न सक्नेछ।

(३) उपदफा (१) वा (२) बमोजिम उजूरी परेपछि प्रमुख वा श्री ५ को सरकारले आवश्यक जाँचबुझ गरी त्यस्तो आदेश सदर, बदर वा परिवर्तन गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम प्रमुख वा श्री ५ को सरकारले गरेको निर्णय अन्तिम हुनेछ।

(५) उपदफा (१) वा (२) बमोजिम कसैको उजूरी परेपछि त्यस्तो उजूरीमा निर्णय



9435
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दिने अधिकारीको आदेशले सम्बन्धित काम कारवाही मुलतवी राख्न सकिनेछ।

६६. मुद्दा चलाउने हदम्याद : यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम अनुसार वा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी गरेको कुनै कामको सम्बन्धमा नगरपालिका, नगरपालिकाका प्रमुख, उप-प्रमुख, सदस्य वा कर्मचारी वा नगरपालिकाले काममा लगाएको व्यक्ति उपर देहायमा लेखिए बमोजिम नभई मुद्दा चल्न सक्ने छैनः-

(क) मुद्दा चलाउने कारण र बादी हुनेको वा निजको वारिस भए त्यसको नाम र ठेगाना खोली लिखित सूचना नगरपालिका, नगरपालिकाका प्रमुख, उप-प्रमुख, सदस्य वा कर्मचारी वा नगरपालिकाले काममा लगाएको व्यक्तिलाई बुझाएको वा हुलाकद्वारा रजिष्टर गरी पठाएको एक महीना ननाघी, र

(ख) मुद्दा चलाउने कारण भएको तीन महिना भित्र मुद्दा दायर नभई।

६७. कर्तव्य पालन गर्दा वा अधिकार प्रयोग गर्दा असल नियतले काम गरेमा बचाउ : प्रमुख, उप-प्रमुख, सदस्य वा नगरपालिकाले कुनै काममा लगाएको व्यक्तिले यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम वा विनियम बमोजिम गर्नु पर्ने कर्तव्य पालना गर्दा वा पाएको


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अधिकार प्रयोग गर्दा असल नियतले गरेकोमा सजायको र हर्जाना तिर्न भागी हुने छैन।

## परिच्छेद - १३
## रेखदेख सम्बन्धी कार्य

६८. <u>श्री ५ को सरकारले रेखदेख गर्ने</u> : श्री ५ को सरकारले नगरपालिकाको काम कारवाहीमा रेखदेख, सुपरिवेक्षण र निर्देशन गर्न सक्नेछ।

६९. <u>निलम्बन र भङ्ग गर्न सक्ने</u> : (१) कुनै नगरपालिकाले देहायको कुनै काम कारवाही गरेको छ भन्ने श्री ५ को सरकारलाई लागेमा सो उल्लेख गरी नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्यस्तो नगरपालिकालाई निलम्बन गर्न सक्नेछ :-

(क) नेपाल अधिराज्यको संविधान, २०४७ बिपरित कुनै काम कारवाही गरेमा,

(ख) नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता, राष्ट्रियता वा साम्प्रदायिक सद्भावनामा आँच आउने कुनै काम कारवाही गरेमा,

(ग) अधिकारको दुरूपयोग गरेमा,

(घ) नगरपालिकाको सम्पत्ति वा आय हिनामिना गरी भ्रष्टाचार गरेको ठहर भएमा।

(२) उपदफा (१) बमोजिम कुनै नगरपालिकालाई निलम्बन गर्नु अघि विशेष गम्भीर परिस्थितिमा बाहेक त्यसरी निलम्बन नगर्नु पर्ने कारण भए सो प्रस्तुत गर्ने मौकाबाट नगरपालिकालाई बञ्चित गरिने छैन।

(३) उपदफा (१) बमोजिम निलम्बन गरेकोमा नगरपालिकाले गर्ने काम कारवाही गर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

गरी श्री ५ को सरकारले अधिकारी तोक्न सक्नेछ।

(४) उपदफा (१) बमोजिम निलम्बन भएको नगरपालिकाको सम्बन्धमा तीन महीना भित्र तोकिए बमोजिम छानबीन गरी कारवाही किनारा लगाई सक्नु पर्नेछ। सो म्याद भित्र कारवाही किनारा नभएमा त्यस्तो निलम्बन स्वतः निष्कृय हुनेछ।

(५) उपदफा (४) बमोजिम छानबीन गर्दा पर्याप्त कारणहरू भएमा त्यस्तो नगरपालिकालाई श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी भंग गर्न सक्नेछ।

(६) उपदफा (५) बमोजिम कुनै नगरपालिकालाई भंग गरिएमा त्यसको कारण सहितको विवरण संसदको दुवै सदनमा पेश गर्नु पर्नेछ।

(७) उपदफा (५) बमोजिम भंग भएको नगरपालिकाका सदस्यहरूको निर्वाचन भंग भएको मितिले एक वर्ष भित्र गरी सक्नु पर्नेछ। निर्वाचन नभएसम्मलाई त्यस्तो निकायले गर्ने काम कारवाही गर्ने गराउने व्यवस्था श्री ५ को सरकारले गर्नेछ।

७०. म्याद थप गर्न सक्ने : विशेष परिस्थितिवश नगपालिकाको सदस्यहरूको समयमा निर्वाचन हुन नसकेमा श्री ५ को सरकारले बढीमा एक वर्षको लागि म्याद थप गरी वा अन्य तवरबाट कार्य सञ्चालन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

## परिच्छेद - १४

## कर्मचारी तथा प्रशासनिक व्यवस्था

७१. सचिवको नियुक्ति : नगरपालिकाको दैनिक कार्य सञ्चालनको लागि श्री ५ को सरकारले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 1282

सचिवको रूपमा कार्यकारी अधिकृत नियुक्त गर्नेछ।

७२. प्रशासनिक नियन्त्रण : नगरपालिकाका सबै कर्मचारीहरू सचिवको नियन्त्रणमा रहनेछन्।

७३. कर्मचारीको दरबन्दी र नियुक्ति : (१) श्री ५ को सरकारले नगरपालिकाको लागि आवश्यक पर्ने अन्य प्रशासनिक तथा प्राविधिक कर्मचारीहरू नियुक्ति गर्न सक्नेछ।

(२) नगरपालिकाले श्री ५ को सरकारले नियुक्ति गरेको कर्मचारी बाहेक नगरपालिकाको कोषबाट पारिश्रमिक तथा सुविधा पाउने गरी आवश्यक कर्मचारी नियुक्ति गर्न सक्नेछ।

(३) नगरपालिकाले आफ्नो कोषबाट व्यहोर्ने गरी भर्ना गरिने कर्मचारीहरूको नियुक्ति, सरूवा, बढुवा, बर्खासी तथा सेवाको अन्य शर्तहरू तोकिए बमोजिम हुनेछ।

(४) श्री ५ को सरकारले नियुक्ति गरेको कर्मचारीको तलब, भत्ता र अन्य सुविधाको लागि श्री ५ को सरकारले छुट्टै रकम नगरपालिकालाई प्रत्येक वर्ष उपलब्ध गराउनेछ।

(५) उपदफा (४) अन्तरगत सुविधा पाएको कर्मचारीले नगरपालिकाको कोषबाट दोहोरो सुविधा प्राप्त गर्न सक्ने छैन।

(६) श्री ५ को सरकारले विशेष रूपले किटान गरी खर्च गर्न स्वीकृति दिएकोमा बाहेक श्री ५ को सरकारले दिएको अनुदान रकम र नगरपालिकाको आन्तरिक आयबाट तोकिए बमोजिम नगरपालिकाको कर्मचारी कल्याण कोषको नाममा एउटा अक्षय कोष स्थापना गरी जम्मा गरिनेछ। सो कोषको रकम कर्मचारीको कल्याणको लागि तोकिए बमोजिम खर्च हुनेछ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित प्रतिलिपिमा मात्र लागु हुनेछ।

७४. <u>अधिकार सुम्पन सक्ने</u> : (१) श्री ५ को सरकारले यस ऐन बमोजिम आफूलाई प्राप्त सबै वा केही अधिकार नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कुनै समिति, संस्था वा पदाधिकारीलाई सुम्पन सक्नेछ।

(२) उपदफा (१) बमोजिम प्रदान गरेको अधिकार श्री ५ को सरकारले जुनसुकै बखत फिर्ता लिन सक्नेछ।

(३) प्रमुखले नक्सापास गर्ने अधिकार कुनै सदस्य वा अधिकृतलाई प्रत्यायोजन गर्न सक्नेछ।

७५. <u>सरकारी बांकी सरह असूल उपर हुने</u> : नगरपालिकाले ठेकेको वा लगाएको कर, दस्तूर शुल्क तथा असूल गर्न बाँकी अन्य रकम कुनै व्यक्तिले नबुझाएमा सरकारी बांकी सरह जिल्ला प्रशासन कार्यालयले असूल उपर गरी दिनु पर्नेछ।

७६. <u>नगरपालिकाले सिफारिश गर्न सक्ने</u>: नगरपालिकाले नगरवासीहरुको हितको लागि जुनसुकै विषयमा श्री ५ को सरकार र जिल्ला विकास समितिमा सिफारिश गर्न सक्नेछ।

७७. <u>रकम कलम उठाई दिने</u> : नगरपालिकाले कसैको रकम कलम उठाई दिएमा उठेका रकमबाट तोकिए बमोजिम सेवा शुल्क लिन सक्नेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७८. <u>मध्यस्थता गर्ने</u> : नगरपालिकाहरू बीच र नगरपालिका र जिल्ला विकास समिति वा गाउँ विकास समिति बीच कुनै विषयमा कुनै प्रकारको विवाद उठेमा श्री ५ का सरकारले मध्यस्थता गर्नेछ।

७९. <u>सहयोग गर्नु पर्ने</u> : यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमहरू बमोजिम नगरपालिकाले गरेको निर्णय कार्यान्वयन गर्न नगरपालिकालाई प्रहरी कार्यालयले आवश्यक सहयोग गर्नु पर्नेछ।

८०. <u>नगरपालिकामा अन्य क्षेत्र गाभिएमा</u> कुनै नगरपालिका वा गाउँ विकास क्षेत्रको सम्पूर्ण भाग कुनै नगरपालिकामा गाभिन गएमा त्यस संस्थाको सम्पत्ति तथा दायित्व नगरपालिकामा सर्नेछ।

८१. <u>काम कारवाही सदर मानिने</u> : यस ऐनमा जुनसुकै कुरा लेखिएको भए तापनि नगरपालिकाको गठनमा कुनै त्रुटी वा कुनै सदस्यको स्थान रिक्त भई काम कारवाही भएको रहेछ भने त्यस्तो कारणले मात्र नगरपालिकाको काम कारवाही बदर हुने छैन।

८२. <u>सम्पत्ति र दायित्व सर्ने</u> : (१) यो ऐन प्रारम्भ भएपछि नगरपालिका ऐन, २०४७ बमोजिम गठित नगरपालिकाको सम्पत्ति र दायित्व यस ऐन बमोजिम गठित नगरपालिकामा सर्नेछ।

(२) कुनै नगरपालिका कायम नरहेमा त्यस्तो नगरपालिकाको सम्पूर्ण सम्पत्ति र दायित्व श्री ५ को सरकारमा सर्नेछ।

८३. <u>नियम तथा विनियम बनाउने अधिकार</u> : (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न श्री ५ को सरकारले आवश्यकता अनुसार नियम बनाउन सक्नेछ।

(२) यो ऐन र यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्न विनियम बनाउन सक्नेछ। यस्तो विनियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ।

८४. <u>खारेजी</u> : नगरपालिका ऐन २०४७ खारेज गरिएकोछ।

लालमोहर सदर मिति :– २०४८।१२।२६।४

आज्ञाले,
बलरामसिंह मल्ल
श्री ५ को सरकारको सचिव

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

1282